‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

‘मजदुर’ दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २५० ★ ने. सं. ११४६ ञला गा, चतुर्थी ★ बुधबार ★ १४ असोज, २०८३ ★ September 30, 2026, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८




कोरियाली मजदुर पार्टी पोलिटब्युरो अध्यक्ष मण्डलका सदस्य तथा प्रजातान्त्रिक जनणतन्त्र कोरियाका प्रधानमन्त्री पाक था सोङ (हातमा धानको बाला लिनुभएका) अनञ्युल काउन्टीस्थित कुमसान फार्ममा निरीक्षणपश्चात् अन्न उत्पादनको स्थितिबारे जिम्मेवार किसान र कृषि वैज्ञानिकहरूसित छलफल गर्दै सेप्टेम्बर २९, २०२६ मङ्गलबार । एक हप्तादेखि प्रधानमन्त्री पाकले खानी, कृषि फार्म, मत्स्यपालन आयोजना, रवर उद्योगलगायत देशको अर्थतन्त्रका विभिन्न महत्त्वपूर्ण क्षेत्रको स्थलगत निरीक्षण गरिरहनुभएको छ ।

*तस्बिर : केसिएनए*

## संयुक्त राष्ट्र सङ्घ अमेरिकाको कठपुतली नहोस्

काठमाडौँ, १३ असोज । ठुला शक्ति राष्ट्रहरूले अन्तर्राष्ट्रिय कानुन उल्लङ्घन गरे पनि संयुक्त राष्ट्र सङ्घले केही बोल्न नसकेको कारण संसारका स्वाधीन र सार्वभौम मुलुकहरू असुरक्षित भएको राजनीतिक विश्लेषण छ । विश्वमा शान्तिको सन्देश छर्न र विश्वलाई सुरक्षित बनाउन अग्रसर हुनुपर्ने संयुक्त राष्ट्र सङ्घ आतङ्क मच्चाउने शक्ति राष्ट्रहरूको प्रभाव र दबाबमा परेको कारण विश्व असुरक्षित भएको हो । संयुक्त राज्य अमेरिका विश्वमा एकपछि अर्को आतङ्क मच्चाउँदै अघि बढ्दै छ । अमेरिकी आक्रमण र हस्तक्षेपको विरोधमा संसारका जनताको विरोध भए पनि संयुक्त राष्ट्र सङ्घ कानमा तेल हालेर बसेको छ । संयुक्त राष्ट्र सङ्घबाट साम्राज्यवादी देशहरू अमेरिका, इजरायल बेलायत, फ्रान्स तथा जापानजस्ता देशहरूले फाइदा लिँदै छन् । संयुक्त राष्ट्र सङ्घ आफ्नो अधिकार प्रयोग गर्न पछि हट्नु हुँदैन । पछि हटेकै कारण युद्ध भड्केको हो । धन जनको क्षति भएको हो ।

हरेक देश सार्वभौमसत्ता सम्पन्न हुन्छ । हरेक देशको स्वतन्त्रताको सम्मान गर्नुपर्छ । हरेक देशको भौगोलिक अखण्डता हुन्छ । कुनै पनि स्वाधीन देशमा आक्रमण या हस्तक्षेप गर्न हुँदैन । सबै देशले अन्तर्राष्ट्रिय मूल्य र मान्यता पालना गर्नुपर्छ । विश्व शान्ति कायम गर्न, मानव अधिकारको रक्षा गर्न, विश्वका जनतालाई सुरक्षित बनाउन, अन्तर्राष्ट्रिय कानुन लागू गर्न संयुक्त राष्ट्र सङ्घ जुट्नुपर्ने हो । तर, विडम्बना ! शक्तिशाली राष्ट्रहरूको दबाब र प्रभावमा संयुक्त राष्ट्र सङ्घ परेको कारण विश्व असुरक्षित बनेको हो । संसारमा देश साना ठुला हुन्छन्; बलिया निर्बलिया हुन्छन्; सम्पन्न विपन्न हुन्छन् । तर, हरेक देशको आ-आफ्नो अधिकार, मूल्य र मान्यता हुन्छ । बलियोले निर्बलियोलाई आक्रमण गर्ने, दबाउने, बेपत्ता पार्ने, हत्या गर्ने काम कुनै पनि मुलुकको लागि सह्य हुँदैन ।

*बाँकी पृष्ठ ८ मा*

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर-२

शुभकामना आदानप्रदान तथा सांस्कृतिक कार्यक्रमसम्बन्धी सूचना

***विजया दशमी तथा शुभ दीपावली २०८३*** को उपलक्ष्यमा भक्तपुर नगर क्षेत्रभित्रका सबै वर्गका अपाङ्गता भएका व्यक्तिहरू (रातो, निलो, पहेँलो र सेतो वर्गका परिचयपत्र प्राप्त) र अभिभावकहरूबिच ***शुभकामना आदानप्रदान तथा सांस्कृतिक कार्यक्रम*** निम्न मिति, समय र स्थानमा हुने भएकोले उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाबाट प्राप्त अपाङ्गताको परिचयपत्रसहित उपस्थिति भइदिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कार्यक्रम
मिति : २०८३/०६/१८ गते, आइतबार
समय : बिहान १० बजे
स्थान : च्वङा गणेश मन्दिर परिसर, सल्लाघारी, भनपा- १

## जनकवि दुर्गालाल श्रेष्ठको ४५ दिनको पुण्यतिथिमा स्मृति सभा तथा ६ कृति लोकार्पण



काठमाडौँ, १३ असोज । जनकवि दुर्गालाल श्रेष्ठको ४५ औँ दिनको पुण्यतिथिको अवसरमा स्मृति सभा तथा उहाँका ६ वटा नयाँ कृति लोकार्पण कार्यक्रम मङ्गलबार सम्पन्न भयो । काठमाडौँ महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।

कार्यक्रममा जनकवि श्रेष्ठको व्यक्तित्व तथा कृतित्वबारे श्रव्यदृश्य सामग्री प्रस्तुत गरिएको थियो । उहाँका ‘फुल्न बाँकी छ, पिजा (फिज), थुगु थुलिङ खः कि जिङ छु मथु, हामायु, काँडामा कविता’ ६ वटा कृति लोकार्पण गरिएको थियो ।

कार्यक्रममा काठमाडौँ महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले जनकवि दुर्गालाल श्रेष्ठप्रति सम्मान व्यक्त गर्दै उहाँलाई ‘अक्षर महर्षि पदक’ प्रदान गर्नुभयो । उहाँले जनकवि श्रेष्ठ सबैका प्रिय कवि रहेको उल्लेख गर्दै सिर्जनामार्फत उहाँ सधैँ जीवित रहने बताउनुभयो । श्रेष्ठले सधैँ समाजको आवाजका रूपमा कलम चलाउनुभएको चर्चा गर्दै उहाँले उहाँको साहित्यिक योगदानको स्मरण गर्नुभयो ।

वसन्त चौधरी फाउन्डेसनका अध्यक्ष वसन्त चौधरीले जनकवि श्रेष्ठको लेखन समयभन्दा लामो इतिहास बनेर बाँचिरहने बताउनुभयो । उहाँले श्रेष्ठले शब्दसँगै शब्दभित्र जीवन्त रहने संस्कार पनि प्रदान गर्नुभएको उल्लेख गर्दै उहाँको अक्षरयात्रा कहिल्यै नरोकिने धारणा व्यक्त गर्नुभयो ।

उहाँका ज्येष्ठ सुपुत्र सुमन श्रेष्ठले पिता दुर्गालाल श्रेष्ठको पारिवारिक सम्बन्ध र जीवनका विभिन्न पक्षबारे जानकारी गराउनुभयो ।

कार्यक्रममा कवि तथा गीतकार रमण घिमिरे, कवि प्रतिसरा सायमी र बालकवि सज्जन मानन्धरले जनकवि श्रेष्ठका कविता वाचन गर्नुभएको थियो । त्यसैगरी, समालोचक प्राडा अभि सुवेदी र प्राडा ज्योति तुलाधरले श्रेष्ठको व्यक्तित्व तथा साहित्यिक योगदानबारे प्रकाश पार्नुभएको थियो ।

## देशको अवस्थाबारे उब्जिएका प्रश्न

- रास्वपा सरकारले सहकारी पीडितको रकम फिर्ता गराउने विश्वास दिएको पनि महिनौँ भयो । रास्वपा सभापति रवि लामिछानेका व्यापारिक साझेदार गीतेन्द्रबाबु (जीबी) राईले कास्की, रुपन्देही, चितवन, पर्सा र काठमाडौँमा समेत ६ वटा सहकारीको एक अर्ब ७८ करोड ५२ लाख रुपैयाँ ठगी गरेको आरोप छ । २०८० चैत ६ गते मलेसियामा ‘म्यासेज रिसिभ गरेका’ राई रास्वपा सरकारको आँखामा अहिलेसम्म परेको छैन । के रवि लामिछानेसमेत तानिने हुँदा सहकारी पीडितको रकम फिर्ता नगरिएको हो ? सुमेरु सहकारीको सात अर्बभन्दा बढी रकम दुरुपयोगको आरोप लागेका भरत महर्जन पनि २०८० माघ १९ गते बेलायतमा रहेको इन्टरपोल रेकर्डमा भए पनि पक्राउ परेको छैन । सूर्यदर्शन सहकारीको ८० करोड ८० लाख ठगी आरोप लागेका भुपेन्द्र राई पनि इन्टरपोलको रेकर्डमा २०८० जेठ २६ गते नेपालबाट बेलायत गएको देखिए पनि पक्राउ परेको छैन । सूर्यदर्शन सहकारीकै सत्ताइस करोड ठगी आरोप लागेका थानबहादुर बुढा २०८० माघ २५ गते इन्टरपोलको रेडकर्नर नोटिसमा परे पनि पक्राउमा परेन । इमेज सहकारीको १ अर्ब ३८ करोड ठगी आरोप लागेका छुला नेपाली रेडकर्नर नोटिसअनुसार २०८० साउन १ गते भारतबाट बेलायत पुगे पनि पक्राउ परेन । छुलाकै पति देवकुमार नेपाली भारतमा पक्राउ परी नेपाल ल्याइएको थियो ।

  ‘तपाईं हाम्रो’ सहकारीको २५ करोड ९८ लाख ठगी आरोप लागेका बालगोपाल श्रेष्ठ, सुप्रिम सहकारीको १ अर्ब २ करोड ठगी आरोप लागेका सागर केसी, मितेरी सहकारीको १४ करोड ठगी आरोप लागेका ज्योति गुरुङविरुद्ध रेडकर्नर नोटिस जारी भए पनि पक्राउ परेनन् । मितेरी सहकारीको रकम ठगी आरोप लागेका ज्योतिबहादुर भण्डारी भने इन्टरपोलकै सहयोगमा पक्राउ भई कम्बोडियाबाट नेपाल ल्याइएको थियो ।

  सहकारी रकम ठगीको आरोप लागेका अधिकांशले साझेदार व्यवसायमा लगानी गरेको र सकभर त्यस्तो व्यवसाय लिलामीमा जान नमिल्ने भनी भागिरहेको पीडितहरूको गुनासो छ । रास्वपा सरकार पनि अघिल्ला सरकारजस्तै यस्तै बहानामा लागेर सहकारी ठगहरूको पक्षपोषणमा किन लाग्दै छ ?

- नेपाल जलस्रोतको धनी देश हो। सरकारले यो विषय विद्यालय र विश्वविद्यालयको पाठ्यपुस्तकमा पढाइरहेको पनि पुरानो भयो। आश्चर्य ! रास्वपा सरकार आउने पुसदेखि वैशाखसम्म नेपालमा आवश्यक ४८.६५ प्रतिशत विद्युत् भारतबाट आयात गर्ने तयारीमा छ। अघिल्लो सरकारहरू पनि नेपालको नदीनाला जलविद्युत् उत्पादन गर्न भारतको डर मान्ने हुँदा ऊर्जाको यो सङ्कट आएको किन होइन ?



**धान सुकाउँदै किसान**

असोज महिना लागेसँगै काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-७ स्थित काटेको धान घाममा सुकाउँदै किसान । पाँचदेखि छ दिनसम्म सुकाएपछि धान भकारीमा भण्डारण गर्ने गरिन्छ । *तस्बिर: सनम सुवाल/रासस*

# विश्व मुटु दिवस
# 'कुनै पनि पल नछुटाउनुहोस्'

ललितपुर, १३ असोज । सेप्टेम्बर २९ विश्व मुटु दिवस । 'कुनै पनि पल नछुटाउनुहोस्' भन्ने नाराका साथ मङ्गलबार संसारभर विश्व मुटु दिवस मनाइयो ।

विश्व हृदय महासङ्घ र विश्व स्वास्थ्य सङ्गठनले सन् १९९९ देखि सेप्टेम्बर २९ तारिखमा यो दिवस मनाउने घोषणा गरेपछि मुटु दिवस मनाउन थालिएको हो । सहरीकरण, अव्यवस्थित खानपान, जीवनशैलीमा आएको परिवर्तनले गर्दा मुटुसम्बन्धी विभिन्न जटिलता देखिएको स्वास्थ्यकर्मीले बताउँदै आउनुभएको छ ।

विश्व स्वास्थ्य सङ्गठनले सन् २०३० सम्ममा विश्वभर मुटु रोगबाट ज्यान गुमाउनेको सङ्ख्या बर्सेनि दुई करोड ५० लाख पुग्ने अनुमान गरेको छ । विश्व मुटु महासङ्घका अनुसार मुटुको रोगबाट विश्वभर एक करोड ७५ लाखको ज्यान जाने गरेको छ ।

नेपाललगायतका विकासोन्मुख देशमा हृदयघात भएर मर्नेको सङ्ख्या ३५ प्रतिशतभन्दा बढी पुग्ने अनुमान छ । नेपालमा अहिले २५ प्रतिशत अर्थात् झन्डै ७५ लाख नागरिक कुनै न कुनै प्रकारका मुटुरोगबाट पीडित छन् ।

मुटुरोगीको सङ्ख्या नेपालमा १० वर्षयता पाँच गुणाले बढेको छ । दश वर्षअघिसम्म ५० वर्ष नाघेपछि मुटुसम्बन्धी समस्या देखिने गरेकामा अहिले युवावस्थामै मुटुसम्बन्धी समस्या देखिन थालेको विभिन्न तथ्याङ्कमा उल्लेख छ ।

वरिष्ठ कार्डियोथोरासिक (मुटु) सर्जन, प्राध्यापक डाक्टर भगवान् कोइरालाका अनुसार मुटुरोग तथा अन्य नसर्ने रोगको जोखिम न्यूनीकरणका लागि जनचेतना, नियमित स्वास्थ्य परीक्षण, धुमपान तथा मदिरापान नियन्त्रण र दैनिक व्यायामलाई जीवनशैलीको अभिन्न हिस्सा बनाउनुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

नेपालमा मुटुरोगको उपचार सेवा विस्तार भए पनि रोगको जोखिम बढिरहेकाले उपचारसँगै रोकथाममा विशेष ध्यान दिनुपर्ने बताउँदै उहाँले जनचेतनामूलक अभियान र स्वास्थ्यसम्बन्धी हस्तक्षेपले धेरै मानिसलाई स्वस्थ जीवनशैली अपनाउन प्रेरित गर्ने धारणा राख्नुभयो ।

धुमपानले शरीरका विभिन्न अङ्गमा गम्भीर असर गर्ने उल्लेख गर्दै धुमपान त्याग्नु, खानपानमा सचेत हुनु र नियमित व्यायाम गर्नु स्वस्थ तथा दीर्घजीवनका लागि आवश्यक रहेको छ । नियमित व्यायामले तौल, रक्तचाप र मधुमेह नियन्त्रणमा सहयोग पुग्नका साथै तनाव तथा मानसिक स्वास्थ्य व्यवस्थापन, स्मरणशक्ति र शारीरिक सक्रियता सुधार गर्नसमेत योगदान पुऱ्याउने उहाँको भनाइ थियो ।

छातीको बिच भागमा गह्रौँ वस्तुले थिचेजस्तो दुखाइ हुनु, दुखाइ बायाँ हाततर्फ सर्नु, चिटचिट पसिना आउनु तथा वाकवाकी र बान्ता हुनु हृदयाघातका प्रमुख सङ्केत हुनसक्ने डाक्टरहरूको भनाइ छ ।

हृदयघात हुँदा पेटको बिच भागमा अत्यधिक दुखाइ, डर लाग्ने, मुटुको धड्कन बढेको महसुस हुने तथा अचानक असहजता देखिन सक्ने बताइएको छ ।

हृदयघातको जोखिम घटाउन धुम्रपान नगर्ने, मदिरा सेवनबाट बच्ने, कोलेस्ट्रोल, रक्तचाप र मधुमेह नियन्त्रणमा राख्ने तथा शरीरको तौल सन्तुलित राख्नुपर्ने सुझाव चिकित्सकहरूले दिनुभएको छ ।

त्यस्तै, फलफूल र सँगसब्जी समावेश भएको खानेकुरा खाने, मानसिक तनाव र रिस व्यवस्थापन गर्ने, वायु प्रदूषणको सम्पर्क सकेसम्म कम गर्ने र नियमित शारीरिक गतिविधि गर्ने बानीले मुटु स्वस्थ राख्न सहयोग पुग्ने बताइएको छ । **रासस**

# पूर्वाञ्चल विश्वविद्यालय सभा : एक अर्ब ९९ करोड स्वीकृत
## एआई र चिकित्सा शिक्षालाई प्राथमिकता

काठमाडौँ, १३ असोज । पूर्वाञ्चल विश्वविद्यालयले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि रु. एक अर्ब ९९ करोड १६ लाख ९७ हजारको बजेट स्वीकृत गरेको छ । सिंहदरबारस्थित शिक्षा मन्त्रालयमा शिक्षा तथा खेलकुदमन्त्री एवं विश्वविद्यालयका सहकुलपति सस्मित पोखरेलको अध्यक्षतामा बसेको विश्वविद्यालयको ४३ औँ सभाले रजिस्ट्रार प्राडा पन्नाबहादुर थापाले प्रस्तुत गरेको आय-व्यय विवरण तथा नीति तथा कार्यक्रम सर्वसम्मतिले पारित गरेको हो ।

विश्वविद्यालयले आगामी वर्ष शैक्षिक रूपान्तरण, प्रविधिमैत्री पूर्वाधार र चिकित्सा शिक्षाको विस्तारलाई मुख्य प्राथमिकतामा राखेको छ । विश्वविद्यालयका अनुसार गोठगाउँस्थित ८०५ बिघा जग्गामा गुरुयोजनाअनुसार एकीकृत भौतिक संरचना विकास गरिनेछ ।

त्यस्तै, कृत्रिम बुद्धिमत्ता (एआई), डाटा साइन्स र साइबर सेक्युरिटीलगायतका क्षेत्रमा नयाँ तथा विशिष्टीकृत पाठ्यक्रम तयार गरी सञ्चालन गर्ने योजना अघि सारिएको छ । चिकित्साशास्त्र र इन्जिनियरिङतर्फ पनि विशिष्टीकृत पाठ्यक्रम विकास गर्ने नीति विश्वविद्यालयले लिएको छ ।

विश्वविद्यालयका प्रशासनिक तथा शैक्षिक सेवाहरूलाई एकीकृत डिजिटल इकोसिस्टममार्फत सञ्चालन गरी सेवा प्रवाहलाई सहज, पारदर्शी र प्रविधिमैत्री बनाउने लक्ष्य राखिएको छ । चिकित्सा शिक्षातर्फ गोठगाउँ परिसरमा निर्माणाधीन १०० शय्याको मातृ-शिशु अस्पताल निर्माण सम्पन्न गर्ने योजना छ । साथै, कोसी अस्पतालसँगको सहकार्यमा चिकित्सा शिक्षाको गुणस्तर सुदृढ गर्ने कार्यक्रम अघि बढाइएको छ ।

सभामा बोल्दै शिक्षामन्त्री पोखरेलले बदलिँदो प्रविधि र विश्वव्यापीकरणको मागअनुसार उच्च शिक्षालाई रूपान्तरण गर्नुपर्ने बताउनुभयो । विश्वविद्यालयले विद्यार्थीलाई रोजगारी खोज्ने जनशक्तिमा मात्र सीमित नराखी रोजगारी सृजना गर्न सक्ने उद्यमशील जनशक्तिका रूपमा विकास गर्नुपर्नेमा उनले जोड दिनुभयो ।

उहाँले पारित नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्पष्ट कार्ययोजना, जिम्मेवारी र समयसीमा निर्धारण गर्न निर्देशनसमेत दिनुभयो ।

शिक्षा मन्त्रालयका सचिव चुडामणि पौडेलले बजेटको प्रभावकारी कार्यान्वयन गर्दै शैक्षिक प्रणाली सुधारमा केन्द्रित हुनुपर्ने बताउनुभयो । अर्थ मन्त्रालयका सचिव घनश्याम उपाध्यायले विश्वविद्यालयले प्रस्तुत गरेको बजेट तथा नीति कार्यक्रम सकारात्मक रहेको बताउनुभयो ।

सभा बैठकमा शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झा, विभिन्न विश्वविद्यालयका उपकुलपति, मन्त्रालयका उच्च अधिकारीलगायतको उपस्थिति थियो ।

विश्वविद्यालयले जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी विशेष अनुसन्धान केन्द्र स्थापना गर्ने, विदेशी विश्वविद्यालयसँग संयुक्त डिग्री तथा विद्यार्थी आदानप्रदान कार्यक्रम सञ्चालन गर्ने र पछाडि परेका वर्गका लागि समावेशी छात्रवृत्तिको पहुँच विस्तार गर्ने कार्यक्रम पनि अघि सारेको छ ।

सभाले कार्यकारी परिषद्का लागि तीन वर्षका लागि तीन जनालाई मनोनयन गर्ने निर्णयसमेत गरेको छ । डीनबाट चिकित्साशास्त्र सङ्कायकी डीन प्राडा परिचा उपाध्याय ढुङ्गेल र कला, कानुन तथा शिक्षाशास्त्र सङ्कायका डीन प्राडा कृष्णप्रसाद पाण्डे तथा शिक्षकबाट स्कूल अफ म्यानेजमेन्ट, विराटनगरमा कार्यरत प्राध्यापक मोहनबहादुर बस्नेतलाई मनोनयन गरिएको विश्वविद्यालयले जनाएको छ ।

पारित नीति, कार्यक्रम तथा बजेटमार्फत विश्वविद्यालयलाई गुणस्तरीय, प्रतिस्पर्धी, अनुसन्धानमुखी, प्रविधिमैत्री तथा आत्मनिर्भर शैक्षिक संस्थाका रूपमा विकास गर्ने लक्ष्य लिइएको छ । **रासस**

# शान्तिको कामना गर्दै सामाजिक संस्था

भक्तपुर, १३ असोज । मुलुकमा स्थायी शान्तिको कामना गर्दै मध्यपुर थिमि नगरपालिका वडा नं. ६ दुवाफल्चा टोल परिवार तथा दुवाफल्चा भजन मण्डल थानेले उपत्यकाका चार गणेशको विशेष पूजा कार्यको आयोजना गरेका छन् । स्थानीय दुवाफल्चाबाट सुरू भएको विशेष पूजा चपाचो, सिद्धिकाली हुँदै उपत्यकाको चार गणेश क्रमश: भक्तपुरको सूर्यविनायक, चोभारको जलविनायक, काठमाडौँको मरूटोलस्थित अशोक विनायक र चावहिलको चन्द्रविनायक मन्दिरमा नेवारी भोज चढाई विशेष पूजा गरिएको स्थानीय बासिन्दा कृष्णमान प्रजापतिले बताउनुभएको छ ।

धिमेबाजा तथा बाँसुरी बाजाका साथ करिब १ हजार १ सयभन्दा बढी महिला तथा पुरुष श्रद्धालु भक्तजनहरूको सहभागिता रहेको सो विशेष पूजामा सहभागी महिलाहरूले आआफ्नो गच्छेअनुसारको कुनै न कुनै खानेकुरा चढाएका थिए ।

कला, संस्कृतिले धनी नगरपालिकाभित्र स्थानीय सामाजिक सङ्घ संस्थाहरूले यस प्रकारको धार्मिक कार्यहरू विभिन्न समयमा गर्दै आइरहेका छन् ।

# चार दिनको वर्षा : पाँच सय ४२ विपद्का घटना

काठमाडौँ, १३ असोज । पछिल्लो भारी वर्षाका कारण देशभर ५४२ वटा विपद्का घटनामा परी २७ जनाको मृत्यु भएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण ( एनडिआरआरएमए) का अनुसार असोज ८ देखि ११ गतेसम्मको अवधिमा भएका विपद्का घटनामा चारजना बेपत्ता र आठ जना घाइते भएका छन् । ती विपद्का घटनाबाट एक हजार ८२ परिवार प्रभावित भएका छन् भने ११४ वटा पशुचौपायामा क्षति भएको छ ।

प्राधिकरणका अनुसार यस अवधिमा पहिरोका ३०४ वटा घटना परी २० जनाको मृत्यु भएको थियो भने चार जना बेपत्ता र सात जना घाइते भएका छन् । त्यस्तै बाढीका ८७ वटा घटनामा चार जनाको मृत्यु भएको थियो । भारी वर्षासँग सम्बन्धित १५१ घटनामा तीन जनाको मृत्यु र एक जना घाइते भएका छन् ।

भारी वर्षाका कारण २२७ घर पूर्णरूपमा क्षतिग्रस्त भएका छन् भने १४२ घरमा आंशिक क्षति पुगेको छ । बाढी पहिरोबाट ३१ वटा पुलमा क्षति पुगेको छ ।

प्राधिकरणका अनुसार चार दिनको वर्षाका क्रममा देशभरका १८६ वटा वर्षा मापन केन्द्रमा १०० मिलीमिटरभन्दा बढी वर्षा भएको थियो । नवलपरासी ( बर्दघाट सुस्तापूर्व) को डेढगाउँमा सबैभन्दा बढी ५४४ दशमलव दुई मिलीमिटर, कास्कीको पञ्चासेमा ५०० दशमलव दुई मिलीमिटर र तनहुँको अत्रौलीटारमा ४७२ मिलीमिटर वर्षा मापन भएको थियो ।

बङ्गालको खाडीमा विकसित न्यूनचापीय प्रणालीका कारण यस अवधिमा देशका विभिन्न भूभागमा भारी वर्षा भएको प्राधिकरणले जनाएको छ ।

**पूर्वसूचनाबाट करिब १० लाखलाई चेतावनी**

प्राधिकरणले सम्भावित विपद्को जोखिम न्यूनीकरणका लागि वर्षा सुरु हुनुअघि नै पूर्वसूचना र पूर्वतयारीलाई चुस्त तुल्याएको थियो ।

पछिल्लो वर्षाको अवधिमा प्राधिकरणको 'सिचुएसन रुम' बाट ७६ घण्टा निरन्तर मौसम तथा विपद् जोखिमको अनुगमन, सूचना सम्प्रेषण र अन्तरनिकाय समन्वय गरेको थियो ।

दूरसञ्चार सेवा प्रदायकमार्फत करिब नौ लाख ८० हजारभन्दा बढी नागरिकलाई लक्षित बाढी चेतावनी एसएमएस पठाइएको थियो । त्यसमध्ये पाँच हजारभन्दा बढी प्रतिकार्यमा संलग्न तथा करिब नौ हजार पर्यटकलाई समेत मौसम तथा विपद् जोखिमसम्बन्धी सतर्कता सूचना प्रवाह गरिएको प्राधिकरणको प्रतिवेदनमा उल्लेख छ ।

त्यस समयमा प्राधिकरणले प्रमुख नदीको बाढी पूर्वानुमान अवधि तीन दिनबाट बढाएर पाँच दिन तथा साना नदी तथा खोलामा आउने आकस्मिक बाढीको पूर्वानुमान अवधि २४ घण्टाबाट बढाएर ४८ घण्टा पुऱ्याएको थियो ।

**करिब दुई हजारको उद्धार**

प्राधिकरणको प्रवक्ता शान्ति महतले त्यस अवधिमा वर्षाजन्य विपद्का कारण जोखिममा परेका करिब दुई हजार जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार जाजरकोट, म्याग्दी र बागलुङलगायत दुर्गम जिल्लामा बाढी तथा पहिरोमा फसेकाको हेलिकप्टरमार्फत उद्धार गरिएको थियो । खोज, उद्धार तथा राहत कार्यमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र नेपाली सेनासहितका सुरक्षाकर्मी परिचालित भएका थिए ।

उहाँले भन्नुभयो, "असोज ११ गते म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ पाउद्वारमा जोखिममा रहेका ७८ जनालाई हेलिकोप्टरबाट उद्धार गरी सुरक्षित स्थानमा स्थानान्तरण गरिएको थियो ।" जाजरकोटस्थित भेरी नदीबिच टापुमा फसेका चार जनाको समेत हवाई उद्धार गरिएको प्रतिवेदनमा उल्लेख छ ।

# वैकल्पिक ऊर्जा केन्द्रद्वारा ४५ इन्जिनियरलाई
## ऊर्जा सञ्चय प्रणालीसम्बन्धी तालिम

काठमाडौँ, १३ असोज । नेपालका उद्योगमा सौर्य ऊर्जा प्रवर्द्धन र ब्याट्री सञ्चय प्रणालीलाई सुरक्षित, प्रभावकारी र दिगो बनाउने हेतुले त्यससम्बन्धी विषयमा पाँचदिने तालिम सुरु भएको छ ।

तालिममा नेपालमा सौर्य र ब्याट्री सञ्चय प्रणालीको वर्तमान अवस्था, औद्योगिक कार्बन उत्सर्जन कटौती, ऊर्जा व्यवस्थापन, ग्रिड सेवा, ब्याट्री प्रविधि, सुरक्षा मापदण्ड, साइबर सुरक्षा, वातावरणीय तथा सामाजिक सुरक्षाजस्ता महत्त्वपूर्ण विषयमा सहभागीलाई ज्ञान दिइने छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गतको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (एइपिसी) द्वारा सञ्चालित तालिममा ४५ जना इन्जिनियरको सहभागिता छ ।

'औद्योगिक क्षेत्रका लागि सोलार पिभी तथा ब्याट्री ऊर्जा भण्डारण प्रणाली : डिजाइन, जडान र सुरक्षा' सम्बन्धी उच्चस्तरीय उक्त तालिम प्राक्टिकल एक्सन र घामपावर नेपालको सहकार्यमा भएको हो ।

तालिममा देशभरका निजी क्षेत्र, शैक्षिक तथा अनुसन्धान संस्थान र सम्बन्धित सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधि सहभागिता छ । तालिमका अवसरमा सैद्धान्तिक ज्ञानका अतिरिक्त सहभागीलाई वास्तविक औद्योगिक परिदृश्यमा आधारित समूहगत अभ्यास र क्षेत्रीय अवलोकन भ्रमणमार्फत व्यावहारिक अनुभव गराइने वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले जनाएको छ ।

नेपालले स्वच्छ ऊर्जा विस्तार, सुरक्षा तथा हरित औद्योगिकीकरणलाई प्राथमिकतामा राखेको सन्दर्भमा सौर्य ऊर्जा प्रयोगका माध्यमद्वारा समग्ररूपमा उर्जाको खपत घटाउने तथा विद्युत् आपूर्ति भरपर्दो तुल्याउने केन्द्रले अपेक्षा गरेको छ ।

जलवायुजन्य विपद्ले ऊर्जा पूर्वाधारको जोखिमलाई रसुवा बाढीले उजागर गरेको सन्दर्भमा केन्द्रले जलविद्युत्मा आधारित उर्जा उत्पादन, प्रसारण तथा वितरण पूर्वाधार नदी प्रणालीसँग जोडिएकाले मनसुनजन्य घटनाको जोखिमको समेत विश्लेषण गरिनुपर्ने आवश्यकता औँल्याएको छ ।

विद्युत् आयोजना बाढी पहिरोको जोखिम रहेको अवस्थामा सौर्य ऊर्जा र ब्याट्री सञ्चय प्रणालीले स्थानीयस्तरमै ऊर्जा उत्पादन र सञ्चय गर्न सकेको खण्डमा जलवायु सहनशीलता अभिवृद्धि गर्न महत्त्वपूर्ण योगदान पुग्ने केन्द्रकी सञ्चालक समिति सदस्य अङ्किता शाहले बताउनुभयो ।

उहाँका अनुसार ऊर्जा उत्पादन र सञ्चय गर्न प्रवर्द्धन कार्यक्रमले हरित रोजगारी सिर्जना गर्न र नयाँ उद्यमशीलताका अवसर खोल्न टेवा पुऱ्याउनेछ । **रासस**

# पूर्वसूचनाले घटायो बर्दियामा विपद्को क्षति

बर्दिया, १३ असोज । मौसम पूर्वानुमान महाशाखाले हुनसक्ने सम्भावित बाढी तथा डुबानको समस्याका बारेमा पहिले नै जानकारी गराएका कारण बर्दियामा विपद्को क्षति कम भएको छ ।

जिल्ला प्रशासन कार्यालय र स्थानीय तहले बस्तीमा माइकिङ गरी स्थानीलाई सचेत गराउनुका साथै सुरक्षा निकायलाई सतर्क अवस्थामा राखिएकाले ठुलो क्षति हुन नपाएको हो ।

महाशाखाले असोज ९ देखि ११ गतेसम्म ठुलो वर्षा हुने पूर्वानुमान गरेपछि सूचना प्राप्त हुनासाथ प्रशासनले बस्तीमा माइकिङ गरी स्थानीयलाई सचेत गराइएको बर्दियाका प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमालले बताउनुभयो ।

उहाँका अनुसार जिल्ला प्रशासन कार्यालयले सुरक्षा निकाय तथा स्थानीय जनप्रतिनिधिसँग समन्वय गरी सम्भावित जोखिमयुक्त क्षेत्रमा पूर्वतयारी गरेको थियो । विगतमा ठुलो वर्षा भई बाढी तथा डुबानको जोखिम हुने सूचना स्थानीयवासीले समयमा नपाउँदा धनजनको क्षति हुँदै आएको थियो ।

यसपटक भने पूर्वसूचना प्राप्त भएपछि जिल्ला प्रशासन कार्यालय सम्भावित विपद् जोखिमलाई पहिचान गरेर स्थानीय तहबिच समन्वय गरी सोही गाउँबस्तीमा समयमै सूचना प्रवाह गरिएको थियो । यद्यपि, लगातार आएको वर्षाका कारण बर्दियाको विभिन्न १० घरमा क्षति पुगेको छ भने १५ घर डुबानमा परेको, ७३ जना विस्थापित भएको जिल्ला प्रशासन कार्यालय बर्दियाका प्रशासकीय अधिकृत एवं विपद् फोकल पर्सन लोकप्रसाद ढकालले जानकारी दिनुभयो ।

बर्दियामा कर्णाली, गेरुवा र भादा नदीको तटीय क्षेत्रमा करिब ५५ हजार नागरिक बाढीको जोखिममा छन् । गुलरिया नगरपालिकाका प्रमुख मुक्तिनाथ यादवले ठुलो वर्षा हुने पूर्वसूचना प्राप्त भएपछि भादा नदीको डुबानको जोखिममा रहेका तटीय क्षेत्रका नागरिकलाई समयमै सुरक्षित स्थानमा सारिएकाले ठुलो क्षति हुन नपाएको बताउनुभयो ।

नगर प्रहरीले नदी तटीय क्षेत्रमा माइकिङ गरी बाढी आउन सक्ने जानकारी गराएपछि स्थानीयवासीलाई सुरक्षित स्थानका रूपमा औद्योगिक ग्राममा सारिएको थियो । त्यहाँ सारिएका नागरिकका लागि नगरपालिकाले खाने तथा बस्ने व्यवस्था मिलाएको थियो । बाढीको पानी घटेपछि सोमबारदेखि तटीय क्षेत्रका स्थानीयवासी घर फर्किन थालेको नगरप्रमुख यादवले जानकारी दिनुभयो ।

बर्दियामा कर्णाली र भादा नदीमा बाढी आउने अग्रिम सूचना नदीका विभिन्न स्थानमा रहेका बाढी मापन केन्द्रबाट लिने गरिएको छ ।

कर्णाली नदीको चिसापानी र भादा नदीको चेपाङमा रहेका बाढी मापन केन्द्रबाट नदीको जलस्तर मापन गरी सूचना प्रवाह गर्ने गरिएको जिल्ला प्रशासनले जनाएको छ । कर्णाली नदीमा १० मिटर आठ सेन्टिमिटर जलस्तर पुगेपछि खतराको चिह्न पार गर्ने गर्दछ ।

आइतबार राति १२:०० बजेसम्म कर्णाली नदीको जलस्तर खतराको चिह्नभन्दा तलै रहेको चिसापानीस्थित बाढी मापन केन्द्रका गेज रिडर पार्वती गुरुङले बताउनुभयो ।

उहाँका अनुसार सो अवधिमा कर्णालीमा सबैभन्दा बढी आठ मिटर ९५ सेन्टिमिटर जलस्तर मापन भएको थियो । चिसापानीमा ठुलो बाढी आएमा कर्णाली नदीको डुबान प्रभावित क्षेत्रमा बाढी पुग्न करिब डेढ घण्टा लाग्ने गर्दछ ।

यसले सम्भावित बाढीबारे पूर्वसूचना पाएपछि जोखिममा रहेका नागरिकलाई सुरक्षित स्थानमा सार्न पर्याप्त समय मिल्ने गरेको छ । त्यस्तै भादा नदीको जलस्तर पनि खतराको चिह्नभन्दा तलै रहेको चेपाङस्थित बाढी मापन केन्द्रका गेज रिडर मोहनलाल जैसीले बताउनुभयो । ***रासस***



**नदी खुलाउने तयारीमा नेपाली सेनाका प्राविधिक टोली**

मनाङको सदरमुकाम चामेस्थित तातोपानी कुण्डमा गत आइतबार बेलुकीदेखि थुनिएको मर्स्याङ्दी नदीको नेपाली सेनाको प्राविधिक टोलीले अनुसन्धान गरी नदी खुलाउने तयारी गर्दै । *तस्बिर: नवीन लामिछाने/रासस*

# काभ्रेको प्रत्येक स्थानीय तहमा 'पर्यटकीय हब' बनाउने अवधारण

काभ्रेपलाञ्चोक, १३ असोज । जिल्लालाई पर्यटकमैत्री रूपमा विकास गर्ने दीर्घकालीन अवधारणा अघि सारिएको छ । होटल सङ्घ, काभ्रेपलाञ्चोकले सदरमुकाम धुलिखेललाई मुख्य आधार ( हब) बनाएर स्थानीय तहका गन्तव्यमा दिवा भ्रमण 'डे ट्रिप्स' गराउने रणनीतिक प्रस्ताव अघि सारेको हो ।

सङ्घका अध्यक्ष प्रल्हाद प्याकुरेलले जिल्लाका होटल व्यवसायको वर्तमान अवस्था, लगानी, रोजगारी तथा १३ वटै स्थानीय तहका पर्यटकीय सम्भाव्यतालाई विस्तृत रूपमा समेट्दै अवधारण अघि सार्नुभएको हो । सङ्घले मुख्य पर्यटकीय सहर धुलिखेललाई मुख्य पर्यटकीय (हब) बनाई जिल्लाका अन्य १२ वटा विशेष गन्तव्यलाई प्राथमिकतामा समेत राखिएको उल्लेख छ ।

होटल व्यवसायमा करिब रु. २८ अर्बको लगानी रहेको र जम्मा १८९ वटा होटल सञ्चालनमा रहेको उल्लेख छ । धुलिखेल क्षेत्रमा ८८, नगरकोट क्षेत्रमा ६३, बनेपामा १५, दोलालघाटमा सात, पनौती (बल्थली र (कुशादेवी क्षेत्रमा सात, नमोबुद्धमा छ र पलाञ्चोकमा तीनवटा होटल रहेका छन् ।

धुलिखेल क्षेत्रमा मात्रै होटल व्यवसायमा निजी क्षेत्रको करिब रु. २५ अर्ब लगानी भइसकेको छ । प्रस्तुत तथ्याङ्कअनुसार बैङ्क तथा वित्तीय संस्थाबाट रु. १५ अर्ब कर्जा परिचालन भएको र व्यवसायीले वार्षिक करिब रु. एक अर्ब ब्याज बुझाउँदै आएका छन् । धुलिखेलका ८८ वटा होटलमा एक हजार ३५० कोठा र दुई हजार ८५० बेड क्षमता उपलब्ध छ ।

जिल्लास्थित पर्यटकीय क्षेत्रले वार्षिक रु. दुई अर्ब बढीको कारोबार गर्दै राज्यकोषमा रु. तीन करोडभन्दा बढी कर योगदान गरेको अवधारण पत्रमा उल्लेख छ । व्यवसायमा ८० प्रतिशत अर्थात् एक हजार ३०० लाई प्रत्यक्ष रोजगारी प्रदान गरेको उल्लेख छ । कुल रोजगारीमध्ये ८० प्रतिशतभन्दा बढी ( एक हजार ४० जना) काभ्रे जिल्लाभित्रकै स्थानीय नागरिक छन् ।

विविधतायुक्त पर्यटकीय सम्भाव्यता समुद्री सतहको २८० मिटर (कोखाजोर खोला) देखि तीन हजार १८ मिटर (बेथानचोक नारायणस्थान) सम्म फैलिएको काभ्रेपलाञ्चोक प्राकृतिक तथा सांस्कृतिक रूपमा सम्पन्न छ । राजधानी काठमाडौँसँगको निकटता, अरनिको र बिपी राजमार्गको सहज पहुँच, काठमाडौँ विश्वविद्यालय तथा धुलिखेल अस्पतालजस्ता प्रतिष्ठित संस्थाले यहाँको पर्यटन पूर्वाधारलाई बलियो बनाएका छन् ।

सङ्घले जिल्लाका स्थानीय तहअनुसार पहिचान गरिएका प्रमुख गन्तव्य तथा विशेषतामा धुलिखेल र बनेपा ऐतिहासिक नेवारी बस्ती, हजार सिँढी, चण्डेश्वरी, गौखुरेश्वर, साँगा ( कैलाशनाथ) तथा स्वास्थ्य एवं शैक्षिक पर्यटन रहेको छ ।

पनौती र बल्थलीमा त्रिवेणी घाट, मकर मेला, इन्द्रेश्वर मन्दिर (प्रस्तावित विश्व सम्पदा सूची), सांस्कृतिक पदयात्रा र होमस्टे, नमोबुद्ध-दाप्चामा विश्वप्रसिद्ध बौद्ध स्तूप, बुद्ध सर्किट, गुम्बा र तामाङ संस्कृति, पाँचखाल तथा मण्डनदेउपुरमा पलाञ्चोक भगवती, कृषि पर्यटन, नगरकोटको दृश्यावलोकन र इन्द्रावती किनार रहेको हो ।

जिल्लाको दक्षिणीक्षेत्र बेथानचोकमा तीन हजार १८ मिटर अग्लो नारायणस्थान डाँडा, दृश्यावलोकन, साहसिक पदयात्रा र खुवा उत्पादन, जिल्लाको दक्षिण-पूर्वी क्षेत्र रोशी र तेमालमा तीनधारे झरना, तारा खसेको ताल, बोधिचित्तको उद्गम र रेञ्जेन दोर्जे दरबारको अवशेषलाई प्राथमिकता दिइएको छ ।

यस्तै भुम्लु, चौँरीदेउराली, महाभारत र खानीखोला गाउँपालिकामा सुनकोसी-इन्द्रावती दोभान, र्‍याफ्टिङ, महाभारतको बाक्लो जङ्गल, सातथरि लालीगुराँस, कफीखेती तथा अर्ग्यानिक कृषिलाई पर्यटकीय पूर्वाधार विकासको प्राथमिकतामा राखिएको छ ।

यसका साथै धुलिखेल-कुशादेवी-चण्डेनी क्षेत्रमा प्याराग्लाइडिङको सफल परीक्षण भइसकेको छ । दोलालघाट-दुम्जा रुटमा रिभर र्‍याफ्टिङ, रक क्लाइम्बिङ तथा चरा/पुतली अवलोकन केन्द्रको उच्च सम्भावना छ ।

सङ्घले धुलिखेललाई देशकै पहिलो पर्यटकमैत्री सहर घोषणा गर्न, पनौती र नमोबुद्धलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन, पर्यटक प्रहरी परिचालन गर्न र सार्वजनिक-निजी साझेदारी (पिपीपी) मोडलमा स्थायी पर्यटन संयन्त्र निर्माण गर्न सरकारसँग मागको प्रक्रिया अघि बढाएको छ । ***रासस***

# घरेलु मदिरा र कच्चा पदार्थसहित दुई जना पक्राउ

काठमाडौँ, १३ असोज । प्रहरीले चन्द्रागिरि नगरपालिका-९ मच्छेगाउँबाट धेरै परिमाणमा घरेलु मदिरा र मदिरा बनाउन प्रयोग हुने कच्चा पदार्थसहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मोरङको पथरी शनिश्चरे नगरपालिका-४ घर भई चन्द्रागिरिमा बस्दै आएका मदन तामाङ र समीर तामाङ रहेको जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ । प्रहरीका अनुसार मच्छेगाउँस्थित जस्ताको टहरोमा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पार्ने अवैध घरेलु मदिरा उत्पादन तथा बिक्री वितरण भइरहेको सूचनाका आधारमा उनीहरूलाई पक्राउ गरिएको हो ।

प्रहरी वृत्त थानकोट र आन्तरिक राजस्व कार्यालय कलङ्कीबाट खटिएको संयुक्त टोलीले उक्त स्थानबाट ६५० लिटर तयारी मदिरा र चार हजार लिटर मदिरा बनाउन प्रयोग गरिने झोल पदार्थ बरामद गरेको प्रहरी उपरीक्षक दानबहादुर थापाले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त टोलीले मदिरा उत्पादनमा प्रयोग हुने विभिन्न भाँडाकुँडा र चुलोसमेत नियन्त्रणमा लिएको छ ।

बरामद गरिएको घरेलु मदिरा तथा मदिरा बनाउन प्रयोग हुने कच्चा पदार्थ स्थानीयवासी र जनप्रतिनिधिको रोहबरमा नष्ट गरिएको प्रहरीले जनाएको छ । पक्राउ परेका तामाङद्वयलाई आवश्यक कारबाहीका लागि आन्तरिक राजस्व कार्यालय कलङ्की पठाइएको छ । ***रासस***

# थुनिएको मर्स्याङ्दी नदी खोल्ने कार्य सुरु

मनाङ, १३ असोज । अविरल वर्षापछि गत आइतबार घट्टेखोलामा लेदोसहितको ढुङ्गा, गिट्टी, बालुवाले थुनिएको मर्स्याङ्दी नदी खोल्न सुरु गरिएको छ ।

नदी थुनिएर बनेको ताललाई खोल्न थालिएको सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद पौडेलले राससलाई जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "धार परिवर्तन गरेर नदीको पानी आंशिक रूपमा बगिरहेको छ । यहाँ उपलब्ध एक्साभेटरलगायतका सामग्री उपयोग गरी केही मात्रामा काम सुरु भएको छ । ठुला चट्टान फुटाउनुपर्ने देखिएको छ । यसका लागि तयारी पनि भइरहेको छ ।" उहाँका अनुसार पुलमाथिबाट नै नदीले धार परिवर्तन गरेकाले त्यस क्षेत्रका केही घर डुबानमा परेका छन् ।

चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्र बहादुर घलेले स्थानीय उपलब्ध स्रोतसाधन प्रयोग गरी नदी खुलाउन सकियो भने स्थानीयवासीलाई छिट्टै घर फर्काउन सकिने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "विस्फोट गराइ चट्टान फुटाउँदा मर्स्याङ्दीको तटीय क्षेत्रमा बढ्न सक्ने जोखिमलाई मध्यनजर गर्न आवश्यक रहेको छ । एक्साभेटरले अडिएका ढुङ्गा केही हटाउन सकिएमा तटीय क्षेत्रमा कम क्षति पुर्‍याउनेछ ।"

लमजुङ हिमाल शिर रहेको घट्टेखोलामा लेदोसहितको ठुला ढुङ्गाले मर्स्याङ्दी नदी थुनिएको हो । वरपरका क्षेत्रमा क्षति नपुर्‍याउने गरी बम विस्फोट गराएर नदीको बहावलाई पुरानै लय फर्काउन अध्ययन भइरहेको सहायक प्रमुख जिल्ला अधिकारी पौडेलले बताउनुभयो । नदी खुलाउन सकिएमा स्थानीयको त्रास र सहज वातावरण छिटो अन्त्य हुने उहाँको भनाइ छ ।

बाढी र पहिरोका कारण त्यस क्षेत्रमा विद्युत् आपूर्ति, खानेपानी समस्या, टेलिफोन सम्पर्क, इन्टरनेटको पहुँच नभएको, सडक सञ्जाल पूर्ण रूपमा अवरुद्ध भएको छ ।

# रसुवाका १३ वटा बालमैत्री केन्द्रमा ४६२ बालबालिका आश्रित

रसुवा, १३ असोज । विपद्का कारण प्रभावित बालबालिकाको संरक्षण र मनोसामाजिक विकासका लागि जिल्लाका विभिन्न स्थानमा १३ वटा बालमैत्री केन्द्र स्थापना गरिएको छ ।

नेपाल रेडक्रस सोसाइटीले युनिसेफको सहयोगमा ती केन्द्र स्थापना र सहजीकरण गरेको हो । भोटेकोसी बाढीबाट उत्पन्न विपद्को अवस्थालाई मध्यनजर गर्दै प्रभावित बालबालिकालाई सुरक्षित, सहज र बालमैत्री वातावरण उपलब्ध गराउने उद्देश्यले ती केन्द्र सञ्चालनमा ल्याइएका हुन् ।

हालसम्म स्थापना गरिएका केन्द्रमध्ये नौ वटा केन्द्र पूर्ण रूपमा सञ्चालनमा आइसकेका छन् भने बाँकी चार वटा सञ्चालनको क्रममा छन् । हाल सञ्चालनमा रहेका केन्द्रमा ४६२ जना बालबालिकाले आश्रय पाएका छन् ।

केन्द्रमा आउने बालबालिकाको उमेर र आवश्यकताअनुसार खेलकुद, मनोरञ्जन, सिकाइ, सिर्जनात्मक, मनोसामाजिक सहयोगसम्बन्धी गतिविधि सञ्चालित छन् ।

केन्द्रले बालबालिकालाई विपद्पछिको परिस्थितिमा सुरक्षित र सकारात्मक वातावरणमा आफ्ना भावना व्यक्त गर्न, साथीसँग घुलमिल हुन र रचनात्मक कार्यमा सहभागी हुन ठुलो अवसर प्रदान गरेको छ ।

हाल ती केन्द्रमा २१९ जना बालक र २४३ जना बालिका छन् । उमेर समूहका आधारमा पाँच वर्षभन्दा कम उमेरका ८८ जना र पाँच वर्ष उमेर समूहभन्दा माथिका ३७४ जना छन् । केन्द्रमा सहभागी बालबालिकामध्ये एक जना अपाङ्गता भएका रहेको नेपाल रेडक्रस सोसाइटी रसुवा शाखाले जनाएको छ । ***रासस***

।सम्पादकीय।

# संरचना निर्माणमा सङ्घ र स्थानीय तहको जिम्मेवारी

काठमाडौँ उपत्यका भूकम्पीय जोखिम क्षेत्र र भारी संरचना थेग्न नसक्ने कमजोर जमिन भएको ठाउँ हो। भूगर्भशास्त्रीहरूले काठमाडौँ उपत्यकाका जमिन भारी संरचना-सडक, पुल, भवन थेग्न नसक्ने कमजोर भएको बताएको पनि धेरै भयो। तर, सरकारहरूले काठमाडौँ उपत्यकामा बसाइँसराइ नरोक्दा जिल्ला जिल्लाबाट यहाँ स्थायी बसोबासका लागि आउने ओइरो नै छ। बसाइँसराइ गरेका प्रधानमन्त्रीले आफ्नो स्थायी बसोबास उपत्यकाको एउटा वडाको टोल भनी दिन मिल्छ ? प्रधानमन्त्रीहरूको यो भनाइ देशको सन्तुलित विकासविपरीत किन होइन ?

यही असोज ११ गते बिहान ललितपुरको धापाखेलमा एउटा दुईतले पक्की घर ढल्यो। जोखिम आकलन गरी असोज १० गते नै त्यो घरका परिवार सुरक्षित स्थानमा सरेको थियो। असोज ८ गतेयता ३-४ दिन लगातार परेको वर्षाको पानी जमिनभित्र पसेर पहिरो गएको  कारण सो घर ढलेको अनुमान गरिएको छ।

काठमाडौँ उपत्यकामा एक वर्षयता झन्डै दुई दर्जन पक्की घर जगबाटै ढले। गत असारमा काठमाडौँको तारकेश्वर नपामा आधा दर्जन जति घर ढलेका थिए। काठमाडौँको सितापाइला, काभ्रेस्थली, बुढानीलकण्ठ, बाँसबारी, भङ्गाल, कपनमा पनि घर पल्टिएका थिए। कतिपय स्थानमा वर्षा र भूकम्पको कारण घर चर्किने, भासिने र भत्किने भइरहेको छ।

काठमाडौँ उपत्यकामा बसाइँसराइ बढेसँगै सीमित जमिनमा घर निर्माण बढ्दो छ। स्थानीय पालिकाहरूले वैज्ञानिक आवास योजना नगरी निजी क्षेत्रलाई हचुवा आवास विकास गर्न अनुमति दिइरहेका छन्। विज्ञहरूको अनुसार सुरक्षित भवन निर्माणको लागि भूबनोटको वैज्ञानिक अध्ययन जरुरी हुन्छ। विज्ञहरूले उपत्यकामा अब बसाइँसराइ गराई घर निर्माण बढाउन नहुने सुझाव दिएका छन्।

विज्ञान र प्रविधिले फड्को मारिसकेको यो युगमा संरचना पहिरो जानुमा प्रकृतिलाई मात्र दोष दिएर पुग्दैन। अब सुरक्षित संरचना निर्माणमा ध्यान दिन जरुरी छ। वर्षाको पानीलाई कहाँबाट निकास दिने भन्ने विषयलाई पनि निर्माणको अङ्ग बनाउनुपर्दछ। एउटा व्यक्तिको कमजोरीले समाज र देश नै डुब्नेतर्फ सबै सचेत हुनु जरुरी छ।

स्थानीय पालिकाले संरचना निर्माणको नक्सा पासमात्र गरिदिएर पुग्दैन। माटो निरीक्षण, निर्माण पूरा नभएसम्म अनुगमनसमेत गर्नु जरुरी हुन्छ। सङ्घीय सरकारले गुणस्तरीय निर्माण सामग्री सहज उपलब्ध गराउने प्रत्याभूति गर्नुपर्दछ। डन्डी, गिट्टी, इँटा, सिमेन्ट, बालुवाको गुणस्तर अनुगमन सङ्घीय सरकारले जिल्ला प्रशासनमार्फत गराउनु उपयुक्त हुनेछ। कतिपय जिल्लामा प्रशासनको मिलेमतोमा संरचना निर्माण कमजोर भइरहेको जनगुनासो पनि पुरानो हो। गएको २०७२ को भूकम्पमा माथिल्लो तलामा सिमेन्टका ढलान घरहरू भत्किँदा वरिपरीको घरहरूमा समेत क्षति पुगेको थियो। यसकारण, संरचना निर्माणको अनुगमन स्थानीय पालिकाले नगरे कसले गर्ने ?

सडक र घर सङ्ख्या बढ्नुमात्र सहरको विकास ठान्नु पनि गलत हो। रसुवाको भोटेकोसी हिमपहिरोमा भएको जनधनको क्षति दोहोरिन नदिन अब सरकारले देशको सन्तुलित विकास गर्नु जरुरी छ। व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाका उच्चपदस्थहरू आ-आफ्नो थातथलोमा स्थायी बसोबास गरे र सुरक्षित पूर्वाधार निर्माणमा लागे मात्र देशको सन्तुलित विकास हुनेछ।

# पुँजीवादी तत्त्वहरूको विरोध गरिनुपर्दछ


मजदुर-किसान
वर्ष-५ अंक-१० २७ माघ ०४० मूल्य १।५०
पुँजीवादी तत्वहरूको पनि विरोध गरिनु पर्दछ

देश सामन्ती अर्थतन्त्रबाट पुँजीवादी अर्थतन्त्रतिर अग्रसर हुँदै छ। यसको अर्थ नेपाली समाजमा पुँजीवादको विकास हुँदै छ। पञ्चायती प्रशासन पनि त्यसअनुसार पुँजीवादउन्मुख हुँदै छ। थिचोमिचो र आर्थिक लोभलालचको उपायबाटै पञ्चायती सरकारले जनताको सङ्घर्षलाई थिच्ने र मोड्ने गर्दै आएको छ। क्रान्तिकारी तरिकाबाट समाजलाई फेर्ने ठाउँमा सुधारको उपायलाई बढावा दिई क्रान्तिको आवश्यकता र सम्भावनालाई निस्तेज पार्ने उपायलाई बढावा दिँदै छ। पञ्चायती सरकार जीवनको हरेक क्षेत्रमा विभिन्न देशका विदेशी सल्लाहकारहरूबाट काम गर्छ। सरकारको क्रान्तिविरोधी ती सबै गतिविधिलाई असफल पार्न हामीले पार्टी कार्यकर्ता, समर्थक र जनताको माझमा क्रान्तिकारी सिद्धान्तलाई प्रचार गर्नु आवश्यक छ।

सुधारवादको विरोधमा क्रान्तिकारी भावनाको झण्डालाई माथि उचाल्दै लान सैद्धान्तिक र व्यवहारिक क्षेत्रमा हामीले एक जिल्लालाई प्रयोगको रूपमा लिँदै छौँ। हाम्रो सफलताले देशका बहुमत कामदार जनताको जीवन अझ अगाडि बढ्नेछ। हाम्रो असफलताले देशका सारा कामदार जनताको सङ्घर्ष अझ पछि पर्नेछ। तर, सैद्धान्तिक र सङ्गठनात्मक रूपबाट हामीले एक जिल्लालाई आवश्यक मात्रामा अगाडि बढाउन सकेका छैनौँ।

प्रतिक्रियावादी सङ्घ-संस्थामा गई जनताको सेवा गरी त्यसलाई उदाङ्ग्याउने हो वा 'बहिष्कार' गरी त्यसलाई उदाङ्ग्याउने हो भन्ने प्रश्न नै केही वर्षदेखि नेपाल कम्युनिस्ट आन्दोलनमा मुख्य छलफलको विषय भई आएको छ। २-४ वर्षको सैद्धान्तिक सङ्घर्ष, विरोधी र आफ्नो पक्षको स्थिति र व्यवहारिक अनुभवपछि नेपाल कम्युनिस्ट आन्दोलनको बहुमत पक्षले 'बहिष्कार' गलत हो भन्ने कुरा स्वीकार गरिसकेको छ।

प्रतिक्रियावादी सङ्घ-संस्थामा गई जनताको सेवा गर्ने र त्यसलाई उदाङ्ग्याउने कुरामा भक्तपुरको पार्टी अगाडि देखिँदै आएको छ। भक्तपुरको पार्टीलाई त्यसको तुलनात्मक अध्ययन छ। त्यसको पक्ष र विपक्षमा केही व्यवहारिक अनुभव छ। प्रतिक्रियावादी सङ्घ-संस्थामा गई जनताको सेवा गर्ने र उदाङ्ग्याउने पक्षको सैद्धान्तिक कुरा पार्टीले आफ्नो साहित्यमा पहिले नै प्रचार गरिसकेको छ। त्यसको नकारात्मक पक्षलाई पनि पार्टीले बेवास्ता गर्नु हुन्न। त्यसको नकारात्मक कुराहरू यी हुन् -

(क) सैद्धान्तिक र सांस्कृतिक स्तर उठी नसकेको वा सानो पुँजीवादी दृष्टिकोणबाट पार्टी कार्यकर्ताहरू उठी नसकेको हुँदा प्रतिक्रियावादी सङ्घ-संस्था र प्रशासनको सम्पर्कबाट पाइने आर्थिक र अन्य सहुलियतको कारणबाट कार्यकर्ताहरूमा क्रान्तिको महान् उद्देश्यभन्दा साँघुरो सुधारवादी दृष्टिकोण र आफ्नो सानो स्वार्थलाई महत्त्व दिने प्रवृत्तिको विकास हुन्छ। सरल शब्दमा त्यसलाई 'महमा परेको माखो' वा 'गुलियो भुलियो' भन्ने वाक्यांश वा उखानसँग दाज्न सकिन्छ।

(ख) जनताको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक स्तर उठी नसकेको हुँदा प्रतिक्रियावादी सङ्घ-संस्थामा गएका कार्यकर्ताहरूको चरित्रलाई बिगार्ने र तिनीहरूको व्यक्तिगत महत्त्वाकाङ्क्षालाई बढाई दिने काम हुन्छ। त्यसबाट कार्यकर्ताहरूमा व्यक्तिवादी वा 'मै हुँ' भन्ने स्वभाव र चरित्रलाई नराम्रोसँग बढाई दिन्छ।

(ग) यी दुवै कारणबाट प्रतिक्रियावादी सङ्घ-संस्थामा गएका कार्यकर्ताहरूले 'पार्टी र प्रतिक्रियावादी सङ्घ-संस्था फरक छ', 'त्यहाँ पार्टीको नीतिअनुसार काम गर्न गाह्रो छ', 'पार्टीको निर्देशन त्यहाँ लागू हुन्न' भनेजस्ता कुराहरू अगाडि सारी उदारवादलाई बढावा दिन्छ। त्यसबाट वर्षौँसम्म आफ्नो जहान परिवार र स्वार्थलाई त्यागी काम गरेका कार्यकर्ताहरूको रगत र पसिनाबाट केही व्यक्तिले फाइदा उठाउँदा पार्टीमा फुट आउँछ, क्रान्तिकारी जनतामा निराशा आउँछ र साधारण जनतामा भ्रम फैलिन्छ, क्रान्ति, देश र जनतालाई धोखा हुन्छ र प्रतिक्रियावादी (सामन्तवाद, पुँजीवाद, साम्राज्यवाद र पञ्चायती व्यवस्था) लाई सहयोग पुग्छ। सिद्धान्त, क्रान्ति र पार्टीलाई ठीक उल्टो असर पर्छ।

**माथिका नकारात्मक पक्षहरूबाट पार्टीलाई जोगाउने उपाय के हो ? त्यसलाई जोगाउने केही उपाय तल लेखिएका छन् -**

(क) पार्टी कार्यकर्ता, समर्थक र जनताको सैद्धान्तिक, सांस्कृतिक र राजनैतिक स्तरलाई उठाउने,

(ख) सामन्तवाद, पुँजीवाद, साम्राज्यवाद र छोटोमा विभिन्न रूपका सरकार विरोधी सङ्घर्षलाई चालु गर्दै जाने,

(ग) मजदुर सङ्गठन, किसान सङ्गठन, युवक सङ्गठन, विद्यार्थी सङ्गठन, प्रतिक्रियावादी सङ्घ-संस्थामा घुसेका साथीहरूको अलग-अलग सङ्गठन बनाउने, त्यसमा पार्टी नेतृत्वलाई बलियो बनाउँदै जाने र पार्टी सङ्गठनलाई झन्झन् गुप्त बनाउँदै जाने, वर्गसङ्घर्ष, पार्टी प्रचार र सङ्गठनलाई विकास गर्दै जाने। यहाँ वर्गसङ्घर्ष र जात-पातको भेदलाई छुट्याउनुपर्दछ।

त्यसो नगर्दा केही चलाख व्यक्तिहरूमा पुँजीवादी स्वार्थले विकास गर्नेछ र तल्लो वर्गलाई नै क्रान्तिको निम्ति तयार पार्ने उद्देश्य सफल हुँदैन। यसकारण, पार्टीभित्र आउन सक्ने पुँजीवादी स्वार्थको विरोधमा सङ्घर्ष गर्नुपर्दछ।

***(यो हस्तलिखित पत्रिका २७ माघ २०४० मा प्रकाशित 'मजदुर-किसान' बाट साभार गरिएको हो। यसमा सामान्य भाषागत सम्पादन गरिएको छ।)***

# महत्त्वपूर्ण सडकखण्ड कहिले सुधार हुने ?

प्राचीन कला, संस्कृति, सफा गल्ली र आत्मनिर्भर विकास पद्धतिका कारण भक्तपुर नगरपालिका आज देशभर नै एक उदाहरणीय र नमुना स्थानीय तहका रूपमा स्थापित छ। शिक्षामा स्थानीय तहबाटै कलेजहरूको सञ्चालन, सस्तो र प्रभावकारी नगर स्वास्थ्य सेवा, ऐतिहासिक सम्पदाहरूको मौलिक शैलीमै पुनर्निर्माण तथा घरघरबाट फोहोर सङ्कलन गरी सहरलाई सफा राख्ने कार्यमा भक्तपुरले देखाएको अग्रसरता साँच्चिकै प्रशंसनीय छ। यही कुशल व्यवस्थापनका कारण देश-विदेशमा यसको चर्चा हुने गर्छ। यति हुँदाहुँदै नगरकोट सडकले गर्दा आलोचना गर्ने अवस्था कायमै छ।

यो पर्यटकीय बाटो हुनाले र दैनिक हजारौँ नागरिक हिँड्ने मुख्य सडक खण्ड वर्षौंदेखि जीर्ण र अस्तव्यस्त अवस्थामा छ। घाम लाग्दा आँखा नदेखिने गरी उड्ने धुलो र पानी पर्दा हिँड्नै नसकिने गरी जम्ने हिलोले गर्दा स्थानीय बासिन्दा, यात्रु र व्यापारीहरूले चरम सास्ती व्होर्नु पररिरहेको छ। यो आवतजावतको असुविधामात्र नभएर जनस्वास्थ्यमाथिको गम्भीर खेलबाड पनि बनेको छ। दैनिक रूपमा धुलो र प्रदूषणको चपेटामा पर्दा स्थानीय नागरिकहरूमा श्वासप्रश्वास, दम, छाला र आँखासम्बन्धी रोगहरूको जोखिम तीव्र रूपमा बढिरहेको छ।

यस्ता समस्याको मुख्य जड सडक निर्माणको क्षेत्राधिकार र प्रशासनिक अन्योल हो। सहायक तथा प्रादेशिक मार्गहरू प्रदेश सरकारको मातहतमा हुन्छन् र स्थानीय भित्री सडकहरू मात्र स्थानीय तहको जिम्मामा रहन्छन्। भक्तपुर भएर जाने केही प्रमुख सडक खण्डहरू सङ्घीय सडक विभाग वा प्रदेश पूर्वाधार कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भएकाले बजेट विनियोजन, ठेक्का प्रक्रिया र अनुगमनमा स्थानीय सरकारको पनि भूमिका हुनुपर्छ। तर, बाटो प्रयोग गर्ने सर्वसाधारण नागरिकका लागि यो केन्द्रको हो, प्रदेशको हो वा नगरपालिकाको हो भन्ने प्राविधिक कुराले कुनै अर्थ राख्दैन; उनीहरूलाई त केवल सुगम र सुरक्षित बाटो चाहिएको छ। वास्तवमा यो सडकको दुरवस्थाका बिच थपिएको अर्को पीडादायी पाटो भनेको सडक बत्तीको समस्या हो। खाल्डाखुल्डीले भरिएको बाटोमा रातिको समयमा सडक बत्ती नहुँदा दुर्घटनाको जोखिम उच्च हुन्छ। तर, विडम्बना ! बक्यौता महसुल वा अन्य प्राविधिक कारण देखाउँदै नेपाल विद्युत् प्राधिकरणले सडक बत्तीको लाइन काटिदिने परिपाटीले समस्यालाई झनै विकराल बनाएको छ। रातको समयमा सडक पूरै अन्धकारमय बन्दा महिला, बालबालिका, वृद्धवृद्धा तथा आकस्मिक काममा हिँड्ने बटुवाहरू ठुलो असुरक्षा र डरको वातावरणमा यात्रा गर्न बाध्य छन्।

कुनै पनि स्थानीय तहको समग्र समृद्धि भौतिक पूर्वाधारको पूर्णता र नागरिकको दैनिक जीवनयापनको सहजतासँग जोडिन्छ। वाग्मती प्रदेश सरकार सडकको कालोपत्रे कार्य युद्धस्तरमा सम्पन्न गर्न सबै सरोकारवाला निकायको गम्भीर ध्यानाकर्षण हुनु जरुरी छ, ताकि भक्तपुरको विकास साँच्चिकै पूर्ण र जनमैत्री बन्न सकोस्।

***- एक स्थानीय, कमलविनायक भक्तपुर***


पाठक पत्र

# धर्म र समाज परिवर्तनको अन्तरसम्बन्ध– २

✍ योगेन्द्रमान बिजुक्छें

*पुनर्जागरण अघि र पछिका समयहरूमा युरोपमा नवीनतम विचार, सोच र आविष्कारहरूलाई निरूत्साहित गर्न धर्म, धार्मिक संस्था र धर्म गुरूहरू क्रुरतापूर्वक पेस हुने गरेका ज्वलन्त उदाहरणहरू छन् । त्यस्तै, चर्चहरूले धर्मको नाउँमा सत्ताको पक्षपोषण गरेको र त्यसको बदलामा राज्यसत्ताले पुरस्कार स्वरूप चर्चलाई जग्गा जमीन प्रदान गर्ने गरेको इतिहासले प्रस्ट पार्छ ।*

### धर्म र समाज परिवर्तन

यसरी समाजमा धर्मको भूमिकाबारे फरक मत र विचारधारा रहेजस्तै समाज परिवर्तन र धर्मको अन्तरसम्बन्धका बारेमा समाज विज्ञानका चिन्तकहरूबिच बहस नै चल्ने गर्दछ । धर्मलाई समाज परिर्वतन हुनबाट रोक्ने संस्था र अवयवको रूपमा प्रकार्यवादी र मार्क्सवादीहरू लिन्छन् । उनीहरूका अनुसार धर्मले समाजलाई परिणत गर्दैन बरू समाजमा आउने परिवर्तनले स्वत: धर्ममा परिवर्तन आउँछ । पुनर्जागरण अघि र पछिका समयहरूमा युरोपमा नवीनतम विचार, सोच र आविष्कारहरूलाई निरूत्साहित गर्न धर्म, धार्मिक संस्था र धर्म गुरूहरू क्रुरतापूर्वक पेस हुने गरेका ज्वलन्त उदाहरणहरू छन् । त्यस्तै, चर्चहरूले धर्मको नाउँमा सत्ताको पक्षपोषण गरेको र त्यसको बदलामा राज्यसत्ताले पुरस्कार स्वरूप चर्चलाई जग्गा जमीन प्रदान गर्ने गरेको इतिहासले प्रस्ट पार्छ । नेपालको सन्दर्भमा राणा शासकहरूले समाजका कुरीति र शोषणलाई अन्त गर्न उठेका आवाजहरूलाई धर्मकै आडमा एक सय चार वर्ष आफ्नो शासन सत्ता टिकाएकै हुन् । आर्य समाजीहरूले ल्याउन खोजेको परिवर्तनलाई निर्ममतापूर्वक दबाएकै थिए (स्मरणहोस् शुक्रराज जोशी (शास्त्री) आर्य समाजी थिए, योगमाया पनि आर्य समाजीबाट धेरै प्रभावित थिए) ।



के हो, आर्य समाजी आन्दोलन ?

सन् १८७५ मा बृतिशकालीन भारतको मुम्बईमा समाज सुधारक दयानन्द सरस्वतीले चलाएको धार्मिकजस्तो देखिए पनि समाजका कुरीतिहरूको विरुद्धमा चलाइएको आन्दोलन थियो । मूर्ति पूजा र बहु ईश्वरवादको विरोध गर्ने यस अभियानले वेदलाई सबै ज्ञानको स्रोत मान्दै तत्कालीन समाजमा जन्मको आधारमा गरिने भेदभाव जस्तै :- छुवाछूत, जातभात, उच-नीच तथा बाल विवाहजस्ता संस्कारगत कुराहरूको विरोध गर्दै महिला शिक्षा, विधवा विवाह र समाजमा सबै नागरिकको समानताको वकालत गर्छ । यस आर्य समाजी आन्दोलनले बृतिशकालीन भारतमा स्वराजको वकालत गर्दै बेलायती राजको विरोधमा भारतीय राष्ट्रियताको भावना फैलाउन मद्दत गरेको मानिन्छ ।

### के हो, आर्य समाजी आन्दोलन ?

सन् १८७५ मा बृतिशकालीन भारतको मुम्बईमा समाज सुधारक दयानन्द सरस्वतीले चलाएको धार्मिकजस्तो देखिए पनि समाजका कुरीतिहरूको विरुद्धमा चलाइएको आन्दोलन थियो । मूर्ति पूजा र बहु ईश्वरवादको विरोध गर्ने यस अभियानले वेदलाई सबै ज्ञानको स्रोत मान्दै तत्कालीन समाजमा जन्मको आधारमा गरिने भेदभाव जस्तै :- छुवाछूत, जातभात, उच-नीच तथा बाल विवाहजस्ता संस्कारगत कुराहरूको विरोध गर्दै महिला शिक्षा, विधवा विवाह र समाजमा सबै नागरिकको समानताको वकालत गर्छ । यस आर्य समाजी आन्दोलनले बृतिशकालीन भारतमा स्वराजको वकालत गर्दै बेलायती राजको विरोधमा भारतीय राष्ट्रियताको भावना फैलाउन मद्दत गरेको मानिन्छ ।

समाज आधुनिकतातिर लाग्दै त्यसको विभिन्न स्वरूपहरूमा परिर्वतनहरू आउँदा धर्मको भूमिकामा पनि परिर्वतन हुने र धर्म सामूहिकभन्दा वैयक्तिक हुने र समाज र राज्य नै धर्म निरपेक्ष हुने धेरै चिन्तकहरूको पनि मत रहेको छ । रोबर्ट एन वेल्हा, ब्रायन विल्सन, टाल्कोट पार्सन, ब्रायन टर्नरजस्ता समाजशास्त्रीहरू यस मतमा विश्वास राख्छन् । ब्रायन विल्सनले १९६६ को आफ्नो पुस्तक Religion in Secular Society मा आधुनिक औद्योगिक समाजमा धार्मिक कार्य र आस्थामा ह्रास आउने, मानव जीवनमा धार्मिक संस्थाहरूको भूमिका गौण हुने जस्ता प्रवृत्तिले समाज र राज्य धर्मनिरपेक्ष हुने मत राख्छन् ।

त्यस्तै, धर्मले समाज परिवर्तन गर्न पनि भूमिका खेलेको हुन्छ भन्ने दृष्टिकोण राख्ने चिन्तकहरूको पनि कमी छैन । मार्क्सका अनन्य मित्र र सहयोगी एङ्गेल्ससमेत यस मतका पक्षधर देखिन्छन् । उनको पुस्तक On The History of Early Christianity मा इसाई धर्मका सुरूका सम्प्रदायहरूले मध्यपूर्व र उत्तरी अफ्रिकामा बढेको रोमन साम्राज्यको विरोधमा उत्रेको र एक हिसाबले दबिएका र शोषितहरूको मुक्तिको आन्दोलनको रूपमा इसाई धर्मको प्रारम्भ भएको हो । त्यसैले, यो धर्मको अभियान समाज परिवर्तनको लागि भयो ।

आर्थिक उत्पादनका आधारमा आउने परिवर्तनले धर्मलगायतका अन्य अधिरचनामा (Superstructure) स्वत: परिणत आउने मार्क्सको विश्लेषणलाई आंशिक रूपमा मात्र सत्य ठान्दै अर्का प्रभावशाली जर्मन समाजशास्त्री म्याक्स वेबरले समाज परिवर्तन आर्थिक कारणले मात्र होइन बरू समय र परिस्थिति विशेषमा धर्मको पनि यसमा भूमिका भएको हुन्छ भन्ने तथ्यको विश्लेषण उनले आफ्नो सुपरिचित पुस्तक The Protestant Ethic And The Spirit Of The Capitalism मा गरेका छन् । वेबरका अनुसार प्रोटेस्टेन धर्मका क्यालभिन सम्प्रदायमा निहित समय खेर फाली अल्छी र विलासी हुन नहुने, मेहनत र परिश्रम गरी जति पनि पैसा कमाउन हुने, भोगविलासमा लाग्न नहुने, खेल र मनोरञ्जन स्वस्थ हुनको लागि मात्र हुनुपर्नेजस्ता नैतिक मार्ग निर्देशनका कारण त्यस सम्प्रदायको बाहुल्यता भएको विभिन्न स्थानहरूमा सर्वप्रथम पुँजीवादको विकास भएको हो । यस धर्मको प्रभाव नभएका स्थानहरू जस्तै :- पूर्वी यूरोप, भारत र चीनमा पुँजीवाद विकासको लागि अन्य आवश्यक पूर्वाधारको विद्यमान रहँदारहँदै पनि ती स्थानहरूमा पुँजीवादको विकास नभएको विश्लेषण वेबरले गरेका छन् । धर्म यथास्थिति कायम गर्न मात्र होइन यसले समाज परिर्वतनको लागि पनि महत्त्वपूर्ण भूमिका खेलेका उदाहरणहरू भेटिन्छन् । समाजशास्त्री जी. के. नेल्सनका अनुसार उत्तरी आयरल्यान्डमा रोमन क्याथोलिकहरू आइरिस गणतन्त्रको लागि सङ्घर्षरत रहेको, अमेरिकामा सन् १९६० को दशकमा गुरू मार्टिन लुथरले नागरिक अधिकार आन्दोलन छेडी अश्वेत अधिकार कायम गरेको, सोही दशकमा दक्षिण अमेरिकाको विभिन्न मुलुकहरूमा रोमन क्याथोलिकले न्यायको पक्षमा दक्षिणपन्थी तानाशाहविरूद्ध आन्दोलन गरेको, इरानमा धार्मिक नेता आयोतोल्ला खोमिनीको नेतृत्वमा कट्टरपन्थी मुसलमानहरूले सन् १९७८ को क्रान्तिको अगुवाइ गरेको तथा दक्षिण अफ्रिकाका धार्मिक नेता आर्कविशप जेसमन टुटु रङ्गभेद नीतिको कट्टरविरोधी थिए ।

बुद्ध धर्म र दर्शनले त मानवता, अहिंसा, शान्ति, सद्भाव, चरित्र निर्माण, समानताको प्रवर्द्धन गर्दै शील, समाधि र प्रज्ञायुक्त मानवले नै आदर्श समाजको निर्माणमा टेवा पुग्ने शिक्षा दिई संसारलाई मार्गदर्शन गरिआएकै छ ।



जर्मन समाजशास्त्री म्याक्स् वेबर

वेबरका अनुसार प्रोटेस्टेन धर्मका क्यालभिन सम्प्रदायमा निहित समय खेर फाली अल्छी र विलासी हुन नहुने, मेहनत र परिश्रम गरी जति पनि पैसा कमाउन हुने, भोगविलासमा लाग्न नहुने, खेल र मनोरञ्जन स्वस्थ हुनको लागि मात्र हुनुपर्नेजस्ता नैतिक मार्ग निर्देशनका कारण त्यस सम्प्रदायको बाहुल्यता भएको विभिन्न स्थानहरूमा सर्वप्रथम पुँजीवादको विकास भएको हो ।

बुद्ध धर्म र दर्शनले त मानवता, अहिंसा, शान्ति, सद्भाव, चरित्र निर्माण, समानताको प्रवर्द्धन गर्दै शील, समाधि र प्रज्ञायुक्त मानवले नै आदर्श समाजको निर्माणमा टेवा पुग्ने शिक्षा दिई संसारलाई मार्गदर्शन गरिआएकै छ ।



### नेपालको सन्दर्भ

धर्म र समाज परिवर्तनको यस अन्तरसम्बन्धलाई मनन गर्दा हाम्रो देशको सन्दर्भमा धार्मिक संस्थाहरूले आमूल परिवर्तनका लागि त्यस्तो केही आन्दोलनको अगुवाइ गरेको देखिँदैन । एकाध धार्मिक सम्प्रदायहरूले समाजमा नैतिक शिक्षा विस्तार गर्नको लागि केही योगदान पुऱ्याएको कुरालाई नकार्न त नमिल्ला तर आध्यात्मिकताको नाउँमा कलिला मस्तिष्कमा वैराग्यभाव उत्पन्न गराई उत्पादनमुखी कामबाट अलग्याउँदै अन्धविश्वासको गहिरो खाडलमा सदाका लगि जाक्ने त होइन भन्ने डर पनि उत्तिकै देखिन्छ । सम्पदा संरक्षण र सम्पदाको वास्तुकलाको महत्त्व र पक्षलाई गौण गरी मूर्ति पूजालाई प्रश्रय दिनुपर्छ भन्ने केही नयाँ पुस्ताको सोच समाजको लागि झनै चिन्ताको विषय हो ।

समाजशास्त्री जी. के. नेल्सनका अनुसार उत्तरी आयरल्यान्डमा रोमन क्याथोलिकहरू आइरिस गणतन्त्रको लागि सङ्घर्षरत रहेको, अमेरिकामा सन् १९६० को दशकमा गुरू मार्टिन लुथरले नागरिक अधिकार आन्दोलन छेडी अश्वेत अधिकार कायम गरेको, सोही दशकमा दक्षिण अमेरिकाको विभिन्न मुलुकहरूमा रोमन क्याथोलिकले न्यायको पक्षमा दक्षिणपन्थी तानाशाहविरूद्ध आन्दोलन गरेको, इरानमा धार्मिक नेता आयोतोल्ला खोमिनीको नेतृत्वमा कट्टरपन्थी मुसलमानहरूले सन् १९७८ को क्रान्तिको अगुवाइ गरेको तथा दक्षिण अफ्रिकाका धार्मिक नेता आर्कविशप जेसमन टुटु रङ्गभेद नीतिको कट्टरविरोधी थिए ।



आर्कविशप जेसमन टुटु

मूर्ति पूजाको विरोध गर्ने बुद्ध स्वयंको मूर्ति बनाई पूजा गर्ने हाम्रो संस्कारलाई बेलैमा ध्यान पुऱ्याउन नसकेमा समाज धर्मभिरूतिर उन्मुख भई समाजको उन्नति र प्रगति नै थप्प हुने त होइन भन्ने एकातिर चिन्ता गर्नु अस्वाभाविक होइन भने अर्कोतिर बहुधर्मावलम्बी हाम्रो समाज जहाँ धार्मिक सहिष्णुताको अभ्यास धेरै पुरानो छ, त्यहाँ एक धर्म विशेषलाई सरकार वा स्थानीय सरकारले प्रश्रय दिनुको अर्थ भोलि धार्मिक द्वन्द्वको बीउ रोप्नु सरह हुनेछ ।

*(यो आलेख संगम बचत तथा ऋण सहकारी सस्था लि. को १९ औं वार्षिक साधारणसभाको उपलक्ष्यमा १० असोज २०८३ मा प्रकाशित स्मारिकाबाट साभार गरिएको हो । आलेखलाई हिजो र आज गरी दुई भागमा छापिएको तथा आलेखको आशयलाई बुझेर सम्बन्धित फोटाहरू थप राखिएको छ । -सम्पादक)*

**सन्दर्भ सामग्री :**

१) Sociology:Themes and Perspective, M Haralambos with RMHeald
२) Key ideas in Sociology, Martin Slattery
३) Macmillan Dictionary of anthropology, Charlotte Seymour-Smith.
४) An Introduction to Sociology, VidyaShusan&DRSachdeva
५) The Spirit of Religion, Dr. S .Radhakrishanan
६) https://www.him alkhabar.com/144966/the-2025-gen-z-uprising-has-pushed-nepal-down-the-path-of-militarism-and-authoritarianism
७) Hindutav in Blue, Chandra kishori (TKP, April 7, 2026)
८) इतिहासअघिको इतिहास-सांस्कृतिक उद्विकासको मानवशास्त्रीय वृत्तानत, सुरेश ढकाल
९) राज्य सञ्चालनमा धर्मको भूमिका के हो ? कटक मल्ल, कान्तिपुर दैनिक भदौ ७, २०८३
१०) धर्म परम्परा व विज्ञान : कर्मकाण्डया भीड्य तनाव नाच्वंगु चेतना, महन्त महर्जन, न्हूज्: वा:पौ,
२१ व २८ भदौ, २०८३
११. भिक्षु अश्वघोषका छानिएका रचनाहरू, बुद्धविहार भृकुटीमण्डप, काठमाण्डौं ।




फ्रान्सको लियोन सहरमा सरकारले गरेको तलब तथा सुविधा कटौती तथा श्रम नीतिमा प्रतिगमनकारी परिवर्तनविरुद्ध एकदिने देशव्यापी आम हडतालमा उत्रेका सार्वजनिक क्षेत्रका कर्मचारी तथा मजदुरहरूको प्रदर्शनप्रति समर्थन जनाउँदै प्रदर्शनमा उत्रेका विद्यार्थीहरू २९ सेप्टेम्बर २०२६ को दिन । कर्मचारी तथा मजदुरहरूको आमहडतालका कारण मङ्गलबार फ्रान्सको सार्वजनिक यातायात, अग्निसमन निकाय, सरकारी कार्यालयहरू, संस्थानहरूलगायत ठप्प भएको थियो । *तस्बिर : लोइक भेनान्स/एएफपी*

# अमेरिका–इरान सम्झौता गराउन मध्यस्थको प्रयास
## होर्मुज जलडमरू खोल्ने विषयमा अझै अवरोध

कायरो, १३ असोज (एपी) । अमेरिका र इरानबिच जारी द्वन्द्व अन्त्य गर्ने तथा विश्वको महत्त्वपूर्ण सामुद्रिक मार्गमध्ये एक होर्मुज जलडमरू पुनः खोल्ने विषयमा सम्झौता गराउन मध्यस्थहरूले प्रयास गरिरहेका छन् । क्षेत्रीय तीन अधिकारी र दुई अमेरिकी अधिकारीका अनुसार दुवै पक्षबिच अप्रत्यक्ष रूपमा वार्ता अघि बढाउने प्रयास भइरहेको भए पनि सम्झौताका प्रमुख विषयमा अझै ठुलो मतभेद कायम छ ।

द्वन्द्व आठौँ महिनामा प्रवेश गरिसकेको अवस्थामा पनि वार्ताको सम्भावना खोज्ने प्रयास जारी छ । लामो समयदेखि जारी द्वन्द्वले विश्व अर्थतन्त्रमा ठुलो असर पारेको छ भने इरान पनि गम्भीर आर्थिक तथा भौतिक क्षतिबाट प्रभावित भएको बताइएको छ ।

**होर्मुज जलडमरू खोल्ने प्रयास**

विश्वका महत्त्वपूर्ण जलमार्गमध्ये पर्ने होर्मुज जलडमरूबाट सुरक्षित रूपमा पानीजहाज आवतजावत गराउने विषयमा यसअघि पनि विभिन्न प्रयास भएका थिए । तर ती प्रयास सफल हुन सकेनन् ।

होर्मुज जलडमरूको रणनीतिक महत्त्वका कारण त्यहाँको अवरोधले क्षेत्रीय मात्र नभई अन्तर्राष्ट्रिय व्यापार र ऊर्जा आपूर्तिमा समेत असर पार्ने अवस्था सिर्जना गरेको छ । यही कारण अमेरिका र इरानबिचको द्वन्द्व अन्त्यसँगै जलडमरू पुनः खोल्ने विषय पनि सम्भावित सम्झौताको महत्त्वपूर्ण हिस्सा बनेको छ ।

**इरानको प्रस्ताव**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यसअघि इरानले अघि सारेको एउटा प्रस्ताव अस्वीकार गर्नुभएको थियो । उक्त प्रस्तावअनुसार अमेरिकाले इरानी बन्दरगाहमाथिको नाकाबन्दी हटाउनुपर्ने, रोक्का गरिएका इरानी सम्पत्ति फुकुवा गर्नुपर्ने तथा इरानी तेल बिक्रीमा लगाइएका प्रतिबन्धमा छुट दिनुपर्ने थियो ।

यी सर्त पूरा भएमा इरानले एक साताभित्र होर्मुज जलडमरू पुनः खोल्ने प्रस्ताव गरेको थियो । ट्रम्पले प्रारम्भिक रूपमा उक्त प्रस्ताव स्वीकार नगरे पनि त्यसपछि अमेरिका र इरानबिच सम्झौताको बाटो खोज्ने प्रयास जारी रहेको अधिकारीहरूले बताएका छन् ।

**अप्रत्यक्ष वार्ताको प्रयास**

अमेरिका र इरानबिच प्रत्यक्ष वार्ता नभई मध्यस्थमार्फत सम्पर्क र प्रस्ताव आदानप्रदान गर्ने प्रयास भइरहेको बताइएको छ । दुवै पक्षबिच रहेका गम्भीर मतभेदका कारण सम्झौतामा पुग्न अझै कठिन रहेको अधिकारीहरूको भनाइ छ ।

वार्ताको मुख्य उद्देश्य द्वन्द्व अन्त्य गर्ने सम्भावित समझदारी खोज्नुका साथै होर्मुज जलडमरूमा सुरक्षित समुद्री आवागमन पुनः सुरु गर्ने अवस्था सिर्जना गर्नु रहेको छ । तर इरानमाथिका आर्थिक तथा व्यापारिक प्रतिबन्ध, इरानी बन्दरगाहमाथिको नाकाबन्दी, रोक्का गरिएका सम्पत्ति र तेल बिक्रीसँग सम्बन्धित विषयहरूमा दुवै पक्षबिच सहमति आवश्यक पर्ने भएकाले वार्ता जटिल बनेको छ ।

**विश्व अर्थतन्त्रमा असर**

होर्मुज जलडमरू विश्व व्यापारका लागि महत्त्वपूर्ण मार्ग भएकाले त्यहाँको लामो अवरोधले विश्व अर्थतन्त्रमा थप दबाब सिर्जना गरेको छ । द्वन्द्वका कारण समुद्री व्यापार प्रभावित हुँदा विभिन्न देशको आपूर्ति प्रणालीमा असर पर्न सक्ने चिन्ता पनि बढेको छ ।

एपीका अनुसार जारी द्वन्द्वले विश्व अर्थतन्त्रलाई क्षति पुऱ्याउनुका साथै इरानलाई पनि ठुलो असर गरेको छ । यस्तो अवस्थामा द्वन्द्व अन्त्य गर्ने र समुद्री मार्ग पुनः सञ्चालन गर्ने विषयमा मध्यस्थहरूले नयाँ प्रयास अघि बढाएका हुन् ।

हालसम्म अमेरिका र इरानबिच अन्तिम सम्झौता भएको छैन । वार्ताका लागि प्रयास जारी रहे पनि प्रमुख विषयमा रहेको मतभेद समाधान नभएसम्म सम्झौताको बाटो स्पष्ट भइसकेको छैन ।

# बहुध्रुवीयताप्रति बढ्दो समर्थन र अविश्वास

न्युयोर्क, १३ असोज (एपी) । संयुक्त राष्ट्रसङ्घको महासभामा विश्वका नेताहरूले बहुपक्षीय सहकार्य र विश्व संस्थाप्रतिको विश्वास पुनःस्थापनाको आवश्यकता औँल्याए पनि संयुक्त राष्ट्रसङ्घले विश्वका गम्भीर समस्या समाधानमा अपेक्षित भूमिका खेल्न नसकेको धारणा व्यक्त गरेका छन् । सोमबार सम्पन्न महासभाको उच्चस्तरीय बैठकमा १५० भन्दा बढी राष्ट्रका नेताहरू तथा प्रतिनिधिहरूले सम्बोधन गरेका थिए ।

एल साल्भाडोरका विदेशमन्त्री अलेक्जान्ड्रा हिल टिनोकोले संयुक्त राष्ट्रसङ्घ अझै सान्दर्भिक छ कि छैन भन्ने प्रश्न उठाउनुभएको थियो । दोस्रो विश्वयुद्धपछि त्यस्ता विनाशकारी द्वन्द्व रोक्ने उद्देश्यले स्थापना भएको संस्थाको प्रभावकारितामाथि विश्वव्यापी चुनौती बढिरहेका बेला प्रश्न उठेको हो ।

संयुक्त राष्ट्रसङ्घको केन्द्रमा रहेको 'बहुपक्षवाद' अर्थात् विभिन्न देशले सहकार्य र साझा शक्तिमार्फत सीमा नाघेका समस्या समाधान गर्ने अवधारणालाई अधिकांश नेताहरूले समर्थन गरेका छन् । तर महामारी, जलवायु परिवर्तन र कृत्रिम बौद्धिकता (एआई) जस्ता नयाँ चुनौतीबिच दोस्रो विश्वयुद्धपछि बनेको शक्ति संरचना परिवर्तन हुन नसकेको भन्दै आलोचना भएको छ ।

सामोआका उपप्रधानमन्त्री मुलिपोला एनारोसा अले-मोलियोओले बहुपक्षवाद 'घेराबन्दीमा' परेको बताउनुभयो । महासभाको यस वर्षको विषय 'विश्वास पुनःस्थापना' थियो । अल्जेरियाका विदेशमन्त्री अहमद अताफले संयुक्त राष्ट्रसङ्घलाई शक्तिको राजनीतिमा बन्धक बनेको संस्थाभन्दा साझा घरका रूपमा विकास गर्नुपर्ने बताउनुभयो ।

महासभामा बहुपक्षवाद र राष्ट्रिय सार्वभौमिकताबिचको तनावसमेत देखिएको छ । विश्वव्यापी सहकार्यको आवश्यकता स्वीकार गर्दै विभिन्न राष्ट्रहरूले आफ्नो सार्वभौम अधिकारमा हस्तक्षेप स्वीकार नगर्ने धारणा राखेका थिए । लक्जमबर्गका राज्य प्रमुख ग्रान्ड ड्युक गुइलाउमले विश्व एकअर्कासँग पहिलेभन्दा बढी जोडिए पनि राष्ट्रहरूबिच विश्वासको कमी रहेको बताउनुभयो ।

एआई, जलवायु परिवर्तनलगायत चुनौती एक्लै समाधान गर्न नसकिने भन्दै मोनाकोका राज्यमन्त्री क्रिस्टोफ मिर्मेन्डले राष्ट्रहरूले मात्र प्रगति गर्न नसक्ने बताउनुभयो । यस वर्ष महासभामा एआईसम्बन्धी सहकार्य पनि प्रमुख विषय बनेको थियो ।

यसैबिच, साना टापु राष्ट्रहरूले विश्वका महत्त्वपूर्ण निर्णयमा आफूहरूको आवाज कमजोर रहेको भन्दै सुरक्षा परिषद्मा स्थायी प्रतिनिधित्वको माग गरेका छन् । सोलोमन टापुका प्रधानमन्त्री म्याथ्यू वेलले भिटो अधिकारलाई पुरानो व्यवस्थाको अवशेष भन्नुभयो । चिलीका राष्ट्रपति जोसे एन्टोनियो कास्टले सन् १९४५ मा स्थापित संरचनाका नियमअनुसार सन् २०२६ को विश्व चल्न नसक्ने बताउनुभयो ।

१५ सदस्यीय सुरक्षा परिषद्मा अमेरिका, रुस, बेलायत, चीन र फ्रान्स स्थायी सदस्य छन् र उनीहरूसँग भिटो अधिकार छ । अफ्रिकी राष्ट्रहरूले पनि भिटो शक्तिसहित कम्तीमा दुई स्थायी सिटको माग गर्दै आएका छन् । कङ्गो गणतन्त्रका विदेशमन्त्री कन्स्टान्ट-सर्ज बाउन्डाले अफ्रिकाका आफ्नो भविष्य निर्धारण गर्ने निर्णयबाट बाहिर रहन नसक्ने बताउनुभयो ।

महासभामा व्यक्त धारणाले संयुक्त राष्ट्रसङ्घप्रति समर्थनसँगै यसको कार्यक्षमताप्रतिको असन्तुष्टिसमेत देखाएको छ । अस्ट्रियाका युरोपेली तथा अन्तर्राष्ट्रिय मामिलामन्त्री बिट मेनल-रेइसिङ्गरले संयुक्त राष्ट्रसङ्घ अन्तर्राष्ट्रिय समस्या छलफल गर्न मात्र नभई समाधान गर्न स्थापना भएको बताउनुभयो ।

## विश्व सङ्क्षेप

### क्यानाडाली उत्पादनमा अमेरिकी प्रतिबन्ध

वासिङ्टन, १३ असोज (एएफपी) । अमेरिका र क्यानाडाबिच बढ्दो व्यापार तनावबिच क्यानाडाबाट आयात हुने मदिरासहित विभिन्न उत्पादनमा अमेरिकाले मङ्गलबारदेखि नयाँ प्रतिबन्ध लागू गरेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यस महिनाको सुरुमा प्रतिबन्ध घोषणा गर्नुभएको थियो ।

प्रतिबन्धमा बियर, स्पार्कलिङ वाइन, ब्रान्डी, सेक तथा अन्य मदिरासहित दुग्धजन्य मट्ठा प्रोटिन र उच्च क्षमताका मोटरसाइकलसमेत परेका छन् । सेप्टेम्बर ८ मा क्यानाडाले अमेरिकी निर्यातमा करिब २० अर्ब अमेरिकी डलर बराबरको प्रतिशुल्क लगाएपछि अमेरिकाले पछिल्लो कदम चालेको हो ।

राष्ट्रपति ट्रम्पले क्यानाडाली मदिरामाथिको प्रतिबन्धलाई अमेरिकी उत्पादनमाथि क्यानाडाले गरेको 'भेदभावपूर्ण' व्यवहारको जवाफ बताउनुभएको छ । अगस्टमा वासिङ्टनमा व्यापारिक सङ्कट समाधानका लागि भएको वार्ता असफल भएपछि दुई देशबिचको तनाव थप बढेको हो ।

क्यानाडाको करिब ६० प्रतिशत आयात अमेरिकाबाट हुने गरेको छ भने करिब ७० प्रतिशत निर्यात अमेरिकी बजारमा जाने गरेको छ । क्यानाडा सरकारले व्यवसायी तथा कामदारलाई सहयोग गर्न पाँच अर्ब ४० करोड अमेरिकी डलरको आर्थिक प्याकेज सार्वजनिक गरेको छ ।

स्पिरिट्स क्यानाडाका अनुसार अमेरिका क्यानाडाली मदिराको प्रमुख निर्यात बजार हो र क्यानाडाको स्पिरिट उत्पादनको करिब ५० प्रतिशत अमेरिकी मागमा निर्भर छ । प्रतिबन्धका कारण क्यानाडाली उत्पादकलाई तत्काल अमेरिकी बजारमा गुमेको माग अन्यत्रबाट पूर्ति गर्न सीमित अवसरमात्र रहने सङ्कतले जनाएको छ ।

### फकल्यान्ड तेल परियोजनामा अर्जेन्टिनाको चेतावनी

ब्युनस आयर्स, १३ असोज (एएफपी) । अर्जेन्टिनाका राष्ट्रपति जेभियर मिलेईले फकल्यान्ड टापु नजिकै बेलायतको अनुमतिमा अघि बढिरहेको सी लायन तेल परियोजना नरोके बेलायतविरुद्ध अन्तर्राष्ट्रिय कानुनी प्रक्रिया अघि बढाउने चेतावनी दिनुभएको छ ।

राष्ट्रपति मिलेईले उत्तरी फकल्यान्ड बेसिनमा अर्जेन्टिनाका प्राकृतिक स्रोतको अवैध दोहन भइरहेको दाबी गर्दै विदेश मन्त्रालय र कानुनी टोलीलाई बेलायतविरुद्ध मध्यस्थता प्रक्रिया सुरु गर्न निर्देशन दिनुभएको छ । उहाँले दुई साताभित्र परियोजना नरोके समुद्रको कानुनसम्बन्धी अन्तर्राष्ट्रिय न्यायाधिकरणमा जाने बताउनुभयो । फकल्यान्ड टापुबाट करिब २२० किलोमिटर टाढा रहेको उक्त तेल क्षेत्रमा इजरायली कम्पनी नाभिटास र बेलायती कम्पनी रकहपरले काम गरिरहेका छन् । ती कम्पनीले बेलायतबाट वैध अन्वेषण अनुमतिपत्र प्राप्त भएकाले अर्जेन्टिनाको दाबी अस्वीकार गर्दै आएका छन् ।

अर्जेन्टिना र बेलायतबिच फकल्यान्डलाई लिएर लामो समयदेखि विवाद छ । सन् १९८२ मा भएको १० साताको युद्धमा २५५ बेलायती सैनिक र ६४९ अर्जेन्टिनीको मृत्यु भएको थियो । अर्जेन्टिनाले फकल्यान्डलाई 'लास माल्भिनास' भन्दै आफ्नो भूभाग भएको दाबी गर्दै आएको छ ।

अर्जेन्टिनाले परियोजनाले संयुक्त राष्ट्रसङ्घको प्रस्ताव उल्लङ्घन गरेको दाबी गरेको छ भने बेलायतले फकल्यान्ड नजिकका प्राकृतिक स्रोत आफूले उपयुक्त ठानेअनुसार विकास गर्ने अधिकार रहेको बताउँदै आएको छ ।

यसैबिच, फकल्यान्डका व्यापारिक प्रतिनिधिहरू दुई बन्दरगाहबिच समुद्री यातायात पुनः सञ्चालन गर्ने विषयमा छलफल गर्न चिलीको पुन्टा एरेनास पुगेका छन् । आर्थिक विकासका उपनिर्देशक लुइस एलिसले नयाँ समुद्री मार्ग तेल परियोजनासँग सम्बन्धित नभएको बताउनुभयो । यस वर्षको अन्त्यसम्म सञ्चालनमा ल्याउने लक्ष्य राखिएको उक्त मार्गबाट निर्माण सामग्री तथा खाद्य र पेय पदार्थलगायत सामग्री ढुवानी गरिनेछ ।

### रुसी आक्रमणमा किएभको विज्ञान प्रतिष्ठानमा क्षति

किएभ, १३ असोज (एएफपी) । युक्रेनको राजधानी किएभमा मङ्गलबार भएको रुसी ड्रोन तथा क्षेप्यास्त्र आक्रमणमा राष्ट्रिय विज्ञान प्रतिष्ठानको भवनमा क्षति पुगेको छ । आक्रमणमा प्रतिष्ठानमा कार्यरत एक व्यक्तिको मृत्यु भएको छ भने पूर्व राष्ट्रिय सुरक्षा तथा रक्षा परिषद्का सचिव भोलोदिमिर गोर्बुलिन घाइते हुनुभएको छ ।

गोर्बुलिनले आफू आक्रमणका बेला प्रतिष्ठानमै रहेको र सामान्य रूपमा घाइते भएको बताउनुभयो । उहाँका एक सहयोगीको भने मृत्यु भएको उहाँले बताउनुभयो । सामाजिक सञ्जालमा सार्वजनिक भिडियोमा ड्रोन प्रतिष्ठानको भवनमा ठोक्किएपछि विस्फोट भएको र भवनमा आगलागी तथा धुवाँ फैलिएको देखिएको थियो ।

युक्रेनी अधिकारीहरूका अनुसार रुसी आक्रमणमा सांस्कृतिक स्थल, सरकारी भवन र विद्यालयसमेत प्रभावित भएका छन् । राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले किभमा स्वास्थ्य संस्थामा समेत क्षति पुगेको बताउनुभएको छ । डिनिप्रोमा भएको आक्रमणमा चार जनाको मृत्यु र कम्तीमा १९ जना घाइते भएका छन् भने जापोरिज्जियामा ३० जना सर्वसाधारण घाइते भएका छन् ।

प्रधानमन्त्री सेर्गी कोरेत्स्कीका अनुसार जाइटोमिरमा आइसक्रिम कारखाना तथा सुमी, रिभ्ने र ओडेसाका आवासीय भवनमा समेत क्षति पुगेको छ । सोमबार रुसी जेटचालित ड्रोनले पोल्यान्डको सीमासमिपको युक्रेनी गाउँमा आक्रमण गरी सीमा चौकीमा क्षति पुऱ्याएको अधिकारीहरूले बताएका छन् ।

युक्रेनले पछिल्लो समय तीव्र गतिमा उड्ने र रोक्न कठिन मानिएका नयाँ जेटचालित ड्रोन प्रयोग भइरहेको जनाएको छ । राष्ट्रपति जेलेन्स्कीले प्याट्रियट क्षेप्यास्त्र प्रणालीसहित सैन्य सहयोग बढाउन पश्चिमी सहयोगी राष्ट्रसँग आग्रह गर्नुभएको छ ।

# तरकारी खेतीले फेरिएको जीवन

● दीपक बोहरा

तुलसीपुर (दाङ)। दाङको तुलसीपुर उपमहानगरपालिका-१३, बखरीगाउँका ७० वर्षीय सुन्दरलाल चौधरीको दैनिकी आजभोलि पनि आफ्नै हरियो करेसाबारीमा बित्छ। हातमा कोदालो बोकेर उहाँ बिहानैदेखि अर्गानिक तरकारी र वन कृषि फर्ममा व्यस्त देखिनुहुन्छ। उमेरले सात दशक नाघिसक्दा पनि उहाँको कृषिप्रतिको मोह भने घटेको छैन।

आफू १६ वर्ष हुँदा तरकारीखेती सुरु गरेका सुन्दरलाल विगत पाँच दशकभन्दा लामो समयदेखि माटोसँग खेल्दै आउनुभयो। "खेतीपाती मेरो जीवनको अभिन्न अङ्ग बनिसक्यो," उहाँले भन्नुभयो। उहाँको यो निरन्तरताले केवल घरको छाक मात्र टारेको छैन, तरकारीखेतीकै कमाइबाट दुई वटा गाडीसमेत किन्न सफल बनाएको छ। घरमै गाडी भएपछि उहाँका तीन छोराहरूले गाडी चलाउन सिकेपछि उहाँहरूलाई पनि आत्मनिर्भर हुन सहज भएको छ।

सुन्दरलालको करिब डेढ बिघा जग्गामध्ये १० कट्ठामा व्यावसायिक तरकारीखेती भइरहेको छ। उहाँको बारीमा सिजनअनुसारका काँक्रो, लौका, फर्सी, भान्टा, करेला, गोलभेँडा, खुर्सानीलगायतका तरकारीखेती हुने गर्छन्। तरकारी र फलफूलखेतीबाटै उहाँले वार्षिक रु. एक लाख ५० हजारदेखि दुई लाखसम्म आम्दानी गर्दै आएको बताउनुभयो।

त्यस्तै, कडा परिश्रम र निरन्तरता दिने हो भने माटोमै सुन फलाउन सकिन्छ भन्ने अर्को गतिलो उदाहरण बन्नुभएको छ, तुलसीपुर-१३ बखरियाकै नवराज रावत। उहाँले पनि विगत १९ वर्षदेखि व्यावसायिक रूपमा गोलभेँडाखेती गर्दै आउनुभएको छ। २०६४ सालदेखि निरन्तर रूपमा उहाँ गोलभेँडाखेतीमा व्यस्त हुनुहुन्छ। उहाँ घरबाट अंशबन्डा हुँदा आठ कट्ठा जग्गा भाग परेको थियो। त्यही जग्गाबाट गोलभेँडाखेतीमा लाग्नुभएका उहाँ अहिले डेढ बिघा जग्गामा तरकारीखेती गर्नुहुन्छ। त्यो जग्गा पनि तरकारीखेतीबाटै जोडेको उहाँ बताउनुहुन्छ। उहाँले भन्नुभयो, "सुरुमा मेरो आठ कट्ठा मात्रै थियो, त्यही जग्गाबाट तरकारीखेती सुरु गरेँ। त्यसबेला केही जग्गा भाडामा लिएर पनि खेती गरेँ, अहिले डेढ विघा जग्गासमेत जोड्न सफल भएको छु।"

त्यति मात्रै होइन, गोलभेँडाखेती गरेरै रावतले बखरियामा रु. एक करोडभन्दा बढी खर्च गरेर पक्की घरसमेत बनाउनुभएको छ। उहाँले मासिक रु. एक लाखभन्दा बढी गोलभेँडाखेतीबाटै आम्दानी गर्दै आएको बताउनुहुन्छ। रावतले उत्पादन गरेको गोलभेँडा अहिले दाङमा मात्र सीमित छैनन्। सुर्खेत र बुटवलसम्मका बजारमा पुग्ने गरेको छ। पछिल्लो समय नजिकैको शीतलपुरमा हाटबजार निर्माण भएपछि बजारीकरणमा थप सहज भएको उहाँ बताउनुहुन्छ।

उहाँको फार्ममा अहिले १२ जनाभन्दा बढीले प्रत्यक्ष रोजगारी पाएका छन्। बखरिया क्षेत्र तरकारी उत्पादनका हिसाबले उत्तम क्षेत्र हो। जहाँ अन्य किसानहरूसहित गरी ४५ बिघाभन्दा बढी क्षेत्रफलमा यसरी तरकारीखेती हुने गरेको छ।

तरकारीखेतीमै रमाउनेमा तुलसीपुर उपमहानगरपालिका-१६ रत्नै निवासी सुनिता चौधरी पनि हुनुहुन्छ। करिब तीन वर्षअघि तरकारीखेतीसम्बन्धी तालिम लिएपछि निरन्तर यही पेसामा आबद्ध भएर वार्षिक पाँच लाखभन्दा बढी आम्दानी गर्ने गरेको उहाँ बताउनुहुन्छ। आठ कट्ठा क्षेत्रफलमा गोलभेँडा, बोडी, भिन्डीलगायतका तरकारी उत्पादन गरेर आफैँ बजारसम्म लैजाने गरेको उहाँले यो पेसाले आफूलाई सन्तुष्ट बनाएको बताउनुभयो। उहाँले भन्नुभयो, "म एकल महिला पनि हुँ, समय बिताउन गाह्रो हुन्थ्यो। दिनभर तरकारीखेतीमै व्यस्त हुन्छु, बिहान आफैँ छिटुवामा बोकेर बजारसम्म लैजान्छु, समय बिताउन निकै सहज भएको छ, आम्दानी पनि उत्तिकै छ।"

सुनिताजस्तै खेतीमा व्यस्त हुनुहुन्छ तुलसीपुर उपमहानगरपालिका-१३ बखरियाकी सुलोचना शेर्पा। कुनैबेला टिकटक, फेसबुकमा दिन बिताउने उहाँ अहिले घरआँगनसँगै जोडिएको ११ कट्ठा जग्गामा कागतीखेती गर्नुभएको छ। युट्युबबाटै सिकेर उहाँ यसरी तरकारीखेतीमा व्यस्त हुनुभएको हो। उहाँले भन्नुभयो, "मैले युट्युब हेरेर कागतीखेतीका बारेमा धेरै जानकारी पाएँ। त्यसले गर्दा नै अहिले कागतीखेती गरिरहेकी छु।" पाँच वर्षदेखि उहाँ यसै खेतीमा निरन्तर व्यस्त हुनुहुन्छ। आफ्नो बारीमा तीन सय वटा कागतीका बिरुवा रोपेकी सुलोचनाले गएको वर्षबाट राम्रो प्रतिफल पाउन थाल्नुभएको छ। गत वर्ष सबै खर्च कटाएर उहाँले रु. डेढ लाख आम्दानी गर्न सफल हुनुभएको थियो।

तुलसीपुर-११, मोतिपुरकै किसान यज्ञ खत्रीको तरकारीखेतीमा फरक अनुभव छ। उहाँले तरकारीखेती सुरु गरेको २२ वर्षभन्दा बढी भयो। जतिबेला घरमा खानका लागि पर्याप्त तरकारीसमेत हुँदैनथ्यो। बालबच्चालाई कसरी पढाउने र उनीहरूको भविष्य कसरी सुरक्षित गर्ने भन्ने चिन्ताले उहाँलाई सताउने गर्थ्यो। उहाँले भन्नुभयो, "पहिले त खाने तरकारीसमेत हुँदैनथ्यो, बालबच्चा कसरी पढाउने भन्ने पिर हुन्थ्यो। जब तरकारीखेती गरेँ, त्यसपछि जीवन धान्न निकै सहज भयो।" हाल उहाँले डेढ विघामा कृषि खेती गर्नुभएको छ। उहाँले भन्नुभयो, "छोराछोरीले राम्रो स्कुल पढ्न पाएका छन्, तरकारीखेती गरेर पक्की घर बनेका छन्। तरकारी खेतीले निकै सहज बनाएको छ।" उहाँका अनुसार सोही ठाउँमा तरकारी खेती गरेरै धेरै किसानको जीवनस्तर सुधार भएको छ।

**समुदायलाई अर्गानिकमा जोड्दै**

दाङको तुलसीपुर उपमहानगरपालिका-१६, रत्नैका विनोद चौधरी भने तरकारीखेतीमा मात्रै व्यस्त हुनुहुन्न, उहाँ अर्गानिक कृषिखेतीको नेतृत्वसमेत गरिरहनुभएको छ। वर्षौंदेखि दुई बिघाभन्दा बढी जमिनमा तरकारीखेती गर्दै आउनुएका उहाँ पछिल्लो समय पाँच कट्ठामा अर्गानिक खेतीको अभ्यास सुरु गर्नुभएको छ भने गाउँका अन्य १० किसानलाई समेत समेटेर अर्गानिक कृषिमा आबद्ध गराउनुभएको छ।

उहाँले 'मिलीजुली कृषक समूह' गठन गरेर अर्गानिक रूपमा गोलभेँडा, काँ क्रा, बोडी, सिमी, लौका, करेलालगायतका तरकारी फलाउँदै आउनुभएको छ। उहाँले भन्नुभयो, "हामीले समूह नै बनाएर अर्गानिक खेती सुरु गरेका छौँ। अहिले १० जना किसान यसमा आबद्ध छौँ।" अहिले रासायनिक मलको साटो गड्यौला मल, झोल मल र गोबर मल प्रयोग गर्ने गरेको उहाँले बताउनुभयो। उहाँ आफैँ गड्यौला पालेर प्रतिकिलो रु. १२ सयमा गड्यौला र प्रतिगोटा रु. ३० मा किनबेचसमेत गर्नुहुन्छ।

यस्तै अर्गानिक खेतीको अभियानमा हुनुहुन्छ-तुलसीपुर उपमहानगरपालिका-११ मोतिपुरका दीपक चौधरी। विगत १२ वर्षदेखि निरन्तर तरकारीखेतीमा रमाउनुभएका चौधरी भन्नुहुन्छ, "सुरुआती वर्षहरूमा रासायनिक मलकै प्रयोग गर्थें तर, पछिल्लो एक वर्षदेखि प्राङ्गारिक मल प्रयोग गर्ने गरेको छु।" अहिले उहाँले आफ्नै बारीमा उत्पादित गड्यौला मल प्रयोग गरेर अर्गानिक तरकारी उत्पादन गरिरहनुभएको छ। हाल सात कट्ठामा तरकारीखेती गरिरहनुभएका उहाँ हिउँदको समयमा यसलाई विस्तार गरेर १७ कट्ठाभन्दा बढी पुऱ्याउनुहुन्छ। तरकारीखेतीबाटै उहाँले वार्षिक रु. चार लाखभन्दा बढी आम्दानी गर्दै आउनुभएको छ।

बजारमा पाइने विषादीयुक्त तरकारीलाई न्यूनीकरण गर्न तुलसीपुर उपमहानगरपालिका-११ मोतिपुरका किसान जुगराम चौधरीले पनि यसरी प्राङ्गारिक मल नै प्रयोग गर्दै आउनुभएको छ। नतासाह कृषि फर्ममार्फत काउली, आलु, गोलभेँडा, बोरी, लौकाको व्यवसाय गर्दै आउनुभएका उहाँले हाल प्राङ्गारिक मल प्रयोग गर्ने गरेको बताउनुभयो।

प्राङ्गारिक मल प्रयोग गर्दा कहिलेकाहीँ किराले सताउने गरेको उहाँले बताउनुहुन्छ। एक बिघाभन्दा बढी क्षेत्रफलमा तरकारीखेती गर्दै आउनुभएका उहाँले हाल गड्यौला मलको प्रयोग गर्दै आउनुभएको छ। तरकारीखेतीबाटै उहाँले वार्षिक आठ लाखभन्दा बढी आम्दानी गर्नुहुन्छ।

तुलसीपुर- १६ कै चेतबहादुर डाँगी पनि अहिले अर्गानिक कृषकका रूपमा चिनिन थाल्नुभएको छ। स्थानीय 'रग्गे मिलिजुली समूह' मा आबद्ध भएपछि उहाँ पनि यसरी तरकारीखेतीमा आकर्षित हुनुभएको हो। तीन वर्षदेखि चेतबहादुर पूर्ण रूपमा अर्गानिक तरकारीखेतीमा तल्लीन हुनुहुन्छ। हाल उहाँको बारीमा काँक्रा, बोडी र गोलभेँडाजस्ता तरकारी लटरम्म फलेका देखिन्छन्।

यी केही उदाहरणहरू तरकारीखेती गरेरै राम्रो आम्दानी गर्ने किसानहरूका हुन्। स्वदेशमै पनि तरकारीखेतीबाट राम्रो आम्दानी गर्न सकिन्छ भन्ने सन्देश यी किसानहरूका उदाहरणबाट पनि हेर्न सकिन्छ। तुलसीपुर उपमहानगरपालिकाले कृषि खेतीमा लागेकाहरूलाई प्रोत्साहन गर्ने नीति ल्याएको उपमहानगरपालिकाका कृषि शाखा प्रमुख कुलराज दहितले बताउनुभयो। किसानहरूको कृषि बीमा गर्न प्रोत्साहनस्वरूप चालु आर्थिक वर्ष २०८३/८४ मा उपमहानगरपालिकाले नै बीमाबापतको रकम उपलब्ध गराउने गरी बजेट बिनियोजन गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "सङ्घीय सरकारले बीमामा ८० प्रतिशत तिरिदिने गरेको छ। बाँकी किसानले तिर्ने हो, तर चालु वर्षदेखि उपमहानगरपालिकाले तिरिदिनेछ।"

*रासस*

# बीपी राजमार्ग : पुनर्निर्माणसँगै बाढी–पहिरोको चुनौती कायमै

- **सनम सुवाल**

बनेपा (काभ्रे)। लगातारको वर्षातका कारण पहिरो तथा रोशी नदीको कटानबाट ठाउँठाउँमा अवरुद्ध बनेको बिपी राजमार्गको खुर्कोट-भकुण्डेबेँसी खण्ड सोमबार पनि बन्द रहेको छ। अवरोध हटाउने कार्य सम्पन्न हुन बाँकी रहेकाले उक्त खण्डमा यातायात सञ्चालन हुन नसकेको प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले जानकारी दिनुभयो।

डिभिजन सडक कार्यालय, भक्तपुरको टोली सोमबार बिहानैदेखि सडक सञ्चालनका लागि सक्रिय रहेको छ। मौसमले साथ दिएमा भोलि असोज १३ गते अपराह्नदेखि सडक सञ्चालनमा आउन सक्ने सम्भावना रहेको अधिकारीले बताउनुभयो। अहिलेको यो अवरोधले बिपी राजमार्गमा वर्षायाममा दोहोरिँदै आएको बाढी, पहिरो र नदी कटानको समस्या फेरि सतहमा ल्याएको छ। २०८१ असोज दोस्रो साताको अविरल वर्षासँगै रोशी खोलामा आएको बाढी र पहिरोले राजमार्गको काभ्रे खण्डमा ठूलो क्षति पुऱ्याएपछि सडक अहिले स्थायी पुनर्निर्माणको चरणमा छ। सडकको ठूलो भाग बगेपछि तत्काल यातायात सञ्चालनका लागि विभिन्न स्थानमा अस्थायी डाइभर्सन निर्माण गरिएको थियो।

देशको पूर्वी तथा मध्यक्षेत्रलाई सङ्घीय राजधानी काठमाडौँसँग जोड्ने महत्त्वपूर्ण जीवनमार्गका रूपमा रहेको बिपी राजमार्ग जापानी सहयोग नियोग (जाइका) को प्राविधिक तथा आर्थिक सहयोगमा निर्माण भएको हो। यसले राजधानीसँग तराई तथा पूर्वी जिल्लाको यातायात, व्यापार तथा दैनिक जनजीवन जोड्दै आएको छ। त्यसैले राजमार्गमा हुने अवरोधको प्रत्यक्ष असर यात्रु र चालकसँगै स्थानीय बस्ती तथा व्यापार व्यवसायमा पर्ने गरेको छ।

विसं २०८१ को बाढीपछि सडक बगेका स्थानमा बनाइएका अस्थायी डाइभर्सनमार्फत यातायात सञ्चालन गरिए पनि यात्रा सहज हुन सकेको छैन। वर्षायाममा हिलो र घाम लाग्दा धुलो हुने डाइभर्सनमा सवारी चलाउन कठिन हुने गरेको चालकहरू बताउँछन्। बिपी रामार्गमा नियमित सवारीसाधन चलाउँदै आएका चालक विनोद दाहालका अनुसार डाइभर्सनको अवस्थाका कारण दैनिक सास्ती भोग्नुपरेको छ। "सडक बगेको ठाउँमा अस्थायी रूपमा बनाइएको डाइभर्सनमा हिलो र धुलोको सास्ती त छँदैछ, बाटोको बेहाल अवस्थाका कारण साना गाडीले जततत्तै भुइँ छुन्छन्। गाडी त बिग्रन्छ नै, यात्रुको ज्यानको जोखिम मोलेर यात्रा गराउनुपरेको छ", उनीहरुको कथन छ।

राजमार्गसँग प्रत्यक्ष जोडिएका स्थानीय बासिन्दाको समस्या पनि उस्तै छ। रोशी गाउँपालिका-११ कालढुङ्गाका स्थानीय बुद्ध लामाका अनुसार बाढीले बस्ती र सडक दुवैमा ठूलो क्षति पुऱ्याएको थियो। "हाम्रो घरआँगन भएर जाने यो सडक नै हाम्रो जीवनको मुख्य आर्थिक आधार थियो। तर बाढीले बस्ती र सडक दुवै तहसनहस बनायो। अहिले अस्थायी डाइभर्सनबाट जसरी तसरी यातायात चले पनि धुलो, हिलो र फेरि पानी पर्दा आउने बाढीको त्रास कायमै छ"।

स्थानीय सरकारको तर्फबाट पनि पुनर्निर्माणलाई तात्कालिक मर्मतमा मात्र सीमित नराखी दीर्घकालीन र सुरक्षित बनाउनुपर्ने माग उठाइएको छ। रोशी गाउँपालिकाका अध्यक्ष दिनेश लामाले विपद्बाट पाठ सिकेर आगामी दिनमा जोखिम कम हुने गरी संरचना बनाउनुपर्ने बताउनुभएको छ। "बिपी राजमार्ग पुनर्निर्माणमा राज्यले तत्काल स्रोत सुनिश्चित गर्न आवश्यक छ। राजमार्ग निर्माण गर्दा नागरिकसँगै स्थानीय सरकारको समेत राय लिएर प्राकृतिक विपद् थेग्ने गरी बलियो संरचना बनाउनै पर्छ। दुई वर्षमा सडक पुनर्निर्माण गरिसक्ने दाबी गरेको सरकारले हाम्रा सुझावहरूलाई राम्ररी मनन गरी प्राविधिक अध्ययनका साथ काम अघि बढाओस् भन्ने स्थानीयको अपेक्षा छ", उहाँले भन्नुभयो।

उहाँले कतिपय अति जोखिमयुक्त स्थानमा सडकको ट्र्याक नै परिवर्तन गरेर सुरक्षित भूभागबाट लैजानुपर्ने विकल्पसमेत अघि सार्नु भएको छ। नागरिकको सास्ती र स्थानीय तहको चासोबीच सडक विभागअन्तर्गतको सडक डिभिजन कार्यालय भक्तपुरले पुनर्निर्माण तथा स्तरोन्नतिको काम अघि बढाएको छ। सडक डिभिजन भक्तपुरका प्रमुख ई. सुमन योगेशका अनुसार बर्खेखोलादेखि भकुन्डेबेँसीसम्मको २५.११ किलोमिटर सडक खण्डमा विभिन्न चार प्याकेजमा निर्माण भइरहेको छ।

प्याकेज-१ अन्तर्गत बर्खेखोला-पिप्ले ३.२२ किलोमिटर सडक खण्ड जाइका अनुदान सहयोगमा निर्माण भइरहेको छ। यसका लागि जापानी कम्पनी सिमिजु कर्पोरेसनसँग सम्झौता भएको छ। कन्सल्टेन्टका रूपमा निप्पोन कोइ को लिमिटेड तथा याहियो इन्जिनियरिङ कर्पोरेसन जेभी रहेको छ। उक्त खण्ड दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ। प्याकेज-२ अन्तर्गत पिप्ले-डालाबेसी २.३० किलोमिटर सडक खण्ड निर्माणका लागि उमा एन्ड कम्पनी/भण्डारी अमर ज्योति जेभीसँग ठेक्का सम्झौता भएको छ। लागत अनुमान रु. एक अर्ब २१ करोड रहेकामा रु. ६८ करोड ८० लाख ४० हजारमा सम्झौता भएको उक्त खण्डमा हाल सम्म ४० प्रतिशत भौतिक प्रगति भएको छ।

प्याकेज-३ अन्तर्गत डालाबेसी-चारसयबेसी ८.५० किलोमिटर सडक खण्डको निर्माण खानी/ए वान/कमल जित जेभी काठमाडौँले गरिरहेको छ। लागत अनुमान रु. दुई अर्ब ४५ करोड रहेकामा रु. एक अर्ब ४२ करोडमा सम्झौता भएको उक्त खण्डमा हालसम्म ४६ प्रतिशत भौतिक प्रगति भएको छ। यस्तै प्याकेज-४ अन्तर्गत चारसयबेसी-भकुन्डेबेसी ११.०९ किलोमिटर सडक खण्डको निर्माण लामा/नव कान्तिपुर जेभी काठमाडौँले गरिरहेको छ। लागत अनुमान रु. दुई अर्ब ५२ करोड रहेकामा रु. एक अर्ब ३३ करोडमा सम्झौता भएको उक्त खण्डमा हालसम्म ३५ प्रतिशत भौतिक प्रगति भएको डिभिजन प्रमुख योगेशले जानकारी दिनुभयो।

सडकलाई बाढी तथा पहिरोबाट सुरक्षित बनाउन विभिन्न प्राविधिक संरचनाको निर्माणलाई समेत प्राथमिकता दिइएको छ। डिभिजन प्रमुख योगेशका अनुसार उच्च जोखिम रहेका क्षेत्रमा आरसीसी क्यान्टिलिभर वाल निर्माण भइरहेको छ। कूल छ हजार ३०० मिटर लम्बाइको उक्त संरचनामध्ये हालसम्म तीन हजार ७६० मिटर सम्पन्न भएको छ। माइक्रोपाइलतर्फ एक हजार १४५ मिटरको काम शतप्रतिशत सम्पन्न भएको छ। प्लम कङ्क्रिटतर्फ पाँच हजार ७४० मिटरमध्ये दुई हजार १८९ मिटर अर्थात् ३८ प्रतिशत र स्टोन मसनरीतर्फ पाँच हजार ९०० मिटरमध्ये चार हजार १०५ मिटर अर्थात् ७० प्रतिशत काम सम्पन्न भएको छ।

वर्षायाममा यातायात अवरुद्ध हुन नदिन जोखिमयुक्त स्थानमा न्यूनतम ४.५ मिटर उचाइसम्म आरसीसी क्यान्टिलिभर वाल निर्माण गरी ग्राभेल स्तरको सडक तयार गरिएको सडक डिभिजन कार्यालयले जनाएको छ। सम्भावित आकस्मिक अवरोध तथा पहिरो तत्काल पन्छाउन चौकीडाँडा, कटुन्जेबेसी, चारसयबेसी, गिम्तिबेसी-नार्के, चिउरीबास-बोक्सिकुना, कालढुङ्गा, डालाबेसी र सुक्खा पहिरोलगायतका स्थानमा १३ एक्स्काभेटर, छ लोडर र ११ टिपर तयारी अवस्थामा राखिएको छ। स्थायी पुनर्निर्माण अघि बढिरहँदा अस्थायी डाइभर्सनमा भने बाढीको जोखिम कायमै छ। २०८२ असोज १७ र १८ गतेको अविरल वर्षासँगै आएको बाढीले अघिल्लो वर्ष निर्माण गरिएका डाइभर्सनमा पुन: क्षति पुऱ्याएको थियो। चौकीडाँडादेखि नेपालथोकसम्म निर्माण गरिएका डाइभर्सनमा सडक डिभिजन कार्यालय भक्तपुरले करिब रु. १० करोड खर्च गरेको थियो तर, रोशी खोलाको बाढीले ती डाइभर्सनका विभिन्न भाग बगाएपछि राजमार्ग पुन: प्रभावित भएको थियो।

यस वर्ष असोज ९ गतेदेखि परेको लगातारको वर्षाले पनि बिपी राजमार्गका विभिन्न स्थानमा पहिरो र लेदो खस्नुका साथै रोशी खोलाले सडक तथा डाइभर्सनमा कटान गरेको छ। नमोबुद्ध नगरपालिका-६ चौकीडाँडा, रोशी गाउँपालिका-७ चारसयबेसी, वडा नं ८ गिम्दीबेसी र वडा नं ११ माम्तीमा पहिरो खसेपछि सवारी आवागमन प्रभावित भएको छ।

चौकीडाँडामा रोशी खोलाले डाइभर्सन कटान गरेपछि काठमाडौँबाट पूर्वतर्फ जाने सवारीसाधनलाई धुलिखेलमा होल्ड गरिएको छ। अहिले खुर्कोट-भकुण्डेबेँसी खण्ड बन्द हुनु पनि यही वर्षात्, पहिरो तथा नदी कटानबाट सिर्जित अवरोधकै परिणाम हो।

बिपी राजमार्गको पुनर्निर्माणमा तत्काल सडक सञ्चालनमा राख्नु र दीर्घकालीन रूपमा सुरक्षित बनाउनु दुवै चुनौती छन्। बाढीले भत्काएको सडक पुरानै अवस्थामा फर्काउने मात्र नभई भविष्यमा हुने विपद्को जोखिमसमेत घटाउने गरी संरचना निर्माण गर्नुपर्ने अवस्था छ। २०८१ सालको बाढीले सडकमा ठूलो क्षति पुऱ्यायो, २०८२ सालको बाढीले अस्थायी डाइभर्सनको सीमितता देखायो र २०८३ सालको वर्षाले पुन: डाइभर्सन कटान तथा पहिरोको समस्या दोहोऱ्याएको छ तर यहीबीच स्थायी पुनर्निर्माणका विभिन्न प्याकेजमा काम अघि बढिरहेको छ।

एकातर्फ पुनर्निर्माणका संरचना थपिँदै छन् भने अर्कोतर्फ वर्षा, बाढी र पहिरोले अस्थायी संरचनाको कमजोरी देखाइरहेको छ। यात्रु हिलो र धुलोको सास्ती खेपिरहेका छन्, चालक जोखिमबीच सवारी चलाइरहेका छन् र स्थानीय सुरक्षित सडकको प्रतीक्षामा छन्। अबको आवश्यकता निर्माणाधीन संरचना समयमै सम्पन्न गर्नुका साथै जोखिमयुक्त स्थानमा दीर्घकालीन समाधान खोज्नु हो। नागरिकले सुरक्षित र सहज यात्रा गर्न पाए मात्र बिपी राजमार्गको पुनर्निर्माणले अपेक्षित सार्थकता पाउनेछ।

*(रासस)*

**पासपोर्ट हराएको सूचना**

मिति २०८३/०५/१७ का दिन जगातीदेखि सिनामङ्गलसम्म जाने क्रममा मेरो नाममा रहेको पासपोर्ट (राहदानी) हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल दिइएको नम्बरमा सम्पर्क गर्नुहोला।

**नाम : दिपेन्द्र खड्का**
**स्थायी ठेगाना : सुनकोशी गा.पा.-३, ओखलढुङ्गा**
**हाल बसोबास : चा.न.पा.-९, ताथली**
**पासपोर्ट नं. : PA5225817**
**मोबाइल नं. : ९७४७६६४३७२**

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १३१

**तत्कालीन गृह सचिव गोकर्णमणी दुवाडी**

गृह सचिव गृह मन्त्रालयको प्रशासनिक प्रमुख हो। गृह मन्त्रालयलाई आवश्यक पर्ने नीति बनाउने जिम्मेवारी पनि निजको हो। मन्त्रालयअन्तर्गत प्रहरीका सङ्गठनहरूमा देखिएका कानुनी र समन्वयका समस्याहरूलाई समाधान गर्नेतर्फ तत्परता देखाउनुपर्ने जिम्मेवारी पनि सचिवको रहन्छ। गृह मन्त्रालयअन्तर्गत पर्ने नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई आवश्यक पर्ने गैरघातक हतियार, Logistic Support र ती सङ्गठनहरूले प्रस्ताव गरेका आवश्यक वस्तुको निकासाका लागि सम्बन्धित मन्त्रालयसँग समन्वय गर्ने कार्य पनि सचिवको हो। गृह सचिव ७७ वटै जिल्लामा रहेका प्रमुख जिल्ला अधिकारीको Reporting Officer पनि हो।

भदौ २३ गते काठमाडौँको प्रमुख जिल्ला अधिकारीले सङ्घीय संसद् भवन परिसरको वरपरको घटनाको बारेमा जानकारी गराउँदा तुरुन्त तालुक निकायसँग समन्वय गरी परिस्थितिलाई बिग्रन नदिई सामान्यीकरण गर्ने प्रयत्न गर्नुपर्दथ्यो। लगातार प्रदर्शनकारी र प्रहरीबिच चलेको मुठभेडबारे काठमाडौँ जिल्लाका प्रमुख जिल्ला अधिकारीले गृह सचिवलाई जानकारी गराएको आयोग समक्षको बयानमा भनेका छन्।

प्र.जि.अ.ले जानकारी गराएपछि थप बल पुर्‍याउन सबै सुरक्षा निकायसँग समन्वय गरी सुरक्षा बढाउनुपर्ने जिम्मेवारी तत्कालीन गृह सचिवको पनि हो तर निजले त्यस्तो संवेदनशील अवस्थामा सक्रिय भई कार्य गर्नुपर्नेमा सो नगरी करिब चार घण्टासम्म चलेको मुठभेडमा मूकदर्शकझैँ भएको हुँदा जिम्मेवारीबाट बिमुख रहेको देखिन्छ।

भदौ २३ गते करिब १२:०० बजेको समयमा सुरु भएको प्रदर्शनकारी र प्रहरीबिचको चार घण्टासम्म चलेको झडपमा गृह सचिवले सुरक्षा निकायबिच समन्वय गरी तनाव कम गरी परिस्थिति नियन्त्रण गर्न सक्नुपर्दथ्यो। गृह सचिवजस्तो जिम्मेवारीमा बसेको व्यक्तिबाट त्यसलाई समाधान गर्न अथवा जोखिम न्यूनीकरण गर्न सुरक्षा निकायबिच समन्वय र सिज फायर गरी अन्य वैकल्पिक माध्यम अपनाएको भए हताहतको सङ्ख्या कम हुनसक्थ्यो। चार घण्टासम्म चलेको उक्त घटना रोकी निजले समयमै परिस्थिति नियन्त्रणमा लिई मानवीय क्षति न्यूनीकरणका लागि गृहमन्त्रीलाई आवश्यक सुझाव दिनुपर्नेमा सो नगरी सुरक्षा स्थितिबारे जानकारी हुँदा पनि गृह सचिवजस्तो जिम्मेवार व्यक्तिबाट समयमा नै आवश्यक पहल नगरी कर्तव्यबाट बिमुख भएको देखिन्छ।

# स्वदेशमै काम–मामको सुनिश्चित गर्नु आवश्यक

काठमाडौँ, १३ असोज। पढ्न र काम पाउन विदेशमा जाने विद्यार्थी र युवाको सङ्ख्या अहिले पनि घटेको छैन। देशमै विश्वविद्यालय र कलेज/क्याम्पस भए पनि विद्यार्थीहरू किन विदेशमा पढ्न जान्छन् र विदेशमा पढ्ने विद्यार्थीको रहर हो कि बाध्यता भन्ने प्रश्न प्राज्ञहरूले उठाएका छन्। विदेशमा पढेर काम गरिरहेका विद्यार्थीहरू आफ्नो देशमा रहेर सेवा गर्ने मन भए पनि बाध्यताबस बिदेसिनु परेको बताउँछन्। स्वदेशमै विभिन्न सरकारी कार्यालयमा कार्यरत इन्जिनियरहरू कार्यालयभित्रै अनेक जाल रच्छन्; काममा बेथिति हुन्छ; नभएको कामको पनि बिल बनाएर ल्याइन्छ; काम इस्टमेटअनुसार हुँदैन; काम कमसल हुन्छ तर बिल गुणस्तरको बनाइने बताउँछन्। इमानदार इन्जिनियर फसाउने खालका बिल ल्याएर भ्रष्टाचारमा फसाउने काम हुन्छ, जस्तो बिलमा पनि सही गर्नुपर्ने तर त्यसको कमिसन ठेकेदार, उच्चपदस्थ व्यक्तिहरूले लिने बेथितिले गर्दा स्वदेशमै काम पाएका इन्जिनियरहरू बिदेसिन बाध्य भएको उनीहरूको दुखेसो छ। देशमै उच्च शिक्षा हासिल गर्ने कलेज/क्याम्पस भए पनि पढेर काम पाउन बिदेसिनु परेको विद्यार्थीहरूको गुनासोलाई नाजायज भन्न सकिँदैन।

विद्यार्थी विदेशमा पढ्न जानुका अन्य कारणमध्ये कति कलेजमा निश्चित सङ्ख्याभन्दा बढी विद्यार्थी भर्ना हुन पाइँदैन। नर्सिङ कलेज, मेडिकल कलेज र त्यस्तै अन्य कलेजमा निश्चित कोटामात्रै हुन्छ। तर, पढ्ने विद्यार्थी सङ्ख्या बढी हुन्छ। उनीहरू कलेजको कोटाभित्र पर्दैनन्। त्यो विधि कुनै बेला उचित होला। तर, अहिलेको विधि र मान्यता अद्यापि लागू गर्दा समय अनुकूल हुनेछैन; व्यावहारिक हुनेछैन। यो पुरानै नियमन प्रणालीलाई निरन्तरता दिनु समय सुहाउँदो हुनेछैन। उच्च शिक्षा अध्ययन गरेका योग्य विद्यार्थीले उचित काम पाउँदैनन्। सेवा पाउन योग्यता र क्षमताभन्दा नातागोता हेर्छ, आफ्नो दलको मान्छे हो कि होइन हेर्छ। यसको कारण योग्य मान्छेले सरकारी जागिर खाने अवसर पाउँदैन। विद्यार्थी बिदेसिन बाध्य पर्नुको यो अर्को कारण हो। राज्यले दक्ष व्यक्तिलाई उसको योग्यताको आधारमा काम दिनुपर्छ। कामअनुसारको ज्याला दिनुपर्छ। राज्यले स्वदेशमै काम-मामको व्यवस्था गर्न नसक्नाले पनि युवा-विद्यार्थीहरू बिदेसिन्छन्। विद्यार्थीको विदेश पलायन रोक्न नेपालमै उपलब्ध हुनसक्ने गुणस्तरीय शिक्षा, अनुसन्धान र रोजगारीको अवसर दिएमा धेरै हदसम्म विद्यार्थी विदेश पलायन हुनेछैन या नेपालमै पढ्ने र रोजगार दिने व्यवस्था गर्नुपर्छ। राज्यले यो व्यवस्था पनि गर्न सकेको छैन।

प्राज्ञहरूका अनुसार विश्वविद्यालय र कलेजमा अनुसन्धानको संस्कृति, विज्ञानको खोजीनीति गरेर नयाँ नयाँ आविष्कार गर्ने, नयाँ नयाँ प्रविधि पत्ता लगाउनेतर्फ पनि सरकारको ध्यान गएको छैन। विज्ञान र प्रविधिमा पछि पर्नु या कमजोर हुनुको अर्थ देश पछि पर्नु हो; विकास पछि पर्नु हो। नेपालजस्तो अरू सानो देशले विज्ञान र प्रविधिको विकासलाई अघि बढाएको छ। प्रजातान्त्रिक जनगणतन्त्र कोरिया शिक्षाको देश त्यसै बनेको होइन; सरसफाइको देश त्यसै भएको होइन। क्युवालाई बहादुरको देश मानिन्छ। तुलनात्मक रूपमा बढी डाक्टर उत्पादन गर्ने देशमा क्युवा पर्छ। अरू देशका शासकहरू देश र जनताप्रति समर्पित भएर काम गर्छन्; देश र जनतालाई प्राथमिकता दिन्छन्। तर, नेपालका शासकहरू दलगत र व्यक्तिगत स्वार्थ पूरा गर्न पदको दुरूपयोग गरेर अकुत सम्पत्ति कमाउने मौका ठान्छन्। सरकारी नेता, मन्त्री, सांसद, जनप्रतिनिधि तथा कार्यकर्ताहरूको यस्तै प्रवृत्तिले गर्दा देशमा भ्रष्टाचार, बेथिति र अनियमितता बढेको हो; कमिसनको चक्रमा फसेको हो। शासक दलका नेता, मन्त्री, सांसद, जनप्रतिनिधिहरू नै त्यस्तो दुष्कार्यमा लाग्छन्, फस्छन् भने अरू कार्यकर्ताहरू त फस्ने नै भयो। यसरी राजनीतिलाई कमाउने भाँडो बनाएको कारण युवा, विद्यार्थी र सर्वसाधारण जनतामा राजनीतिप्रति वितृष्णा बढेको हो। शासक दलहरूको यस्तै कार्यले गर्दा अरू इमानदारीपूर्वक देश र जनताको सेवा गर्न लागिपरेका दलको छविमा पनि नराम्रो असर परेको हो।

लेखक, बुद्धिजीवी, राजनीतिक विश्लेषक, सञ्चारकर्मी तथा सर्वसाधारण जनताले देशका सबै दललाई एउटै नजरले हेर्नु उपयुक्त होइन। सबै दलको दृष्टिकोण र विचार एउटै पनि होइन। देशको शिक्षा व्यावहारिक नभएर हो या उत्पादनसित सम्बन्धित नभएर हो; विद्या आर्जन गरेपछि रोजगारी पाउँदैन। डिग्रीधारी बेरोजगारको सङ्ख्या बढ्दै जानुको कारण योग्यताअनुसार कामको अवसर नपाउनु हो। उच्च शिक्षाको सफलता स्नातक, स्नातकोत्तरको सङ्ख्या होइन सक्षम, रोजगारयोग्य र सिर्जनशील जनशक्तिको सङ्ख्या हो भन्ने मत प्राज्ञहरूको रहेको छ। नेपालको उच्च शिक्षामा सुधार गर्नुपर्छ, व्यवहारिक बनाउनुपर्छ; उत्पादनसित सम्बन्धित हुनुपर्छ। उत्पादन श्रमसँग जोडिएको शिक्षा नीति तयार गरी व्यवसायिक तथा प्राविधिक शिक्षामा जोड दिनुपर्छ। विश्वको प्राविधिक अवस्थाअनुसार नेपालमा पनि नयाँ-नयाँ प्राविधिक विषयलाई पाठ्यक्रममा समावेश गर्नुपर्दछ र यस्ता नवीन विषयहरूको पठनपाठनमा जोड दिनुपर्छ। कृषि, उद्योग, पर्यटन, जलस्रोत, जडिबुटि एवम् औषधि, शिक्षाशास्त्र, चिकित्साशास्त्र, इन्जिनियरिङलगायत अन्य विविध विषयहरूमा पर्याप्त र दक्ष जनशक्ति तयार गर्नुपर्छ। दक्ष जनशक्तिले आफ्नो ज्ञान, सीप र शक्तिलाई स्वदेशमा नै उपयोग गर्ने वातावरण तयार गर्नुपर्छ। सबै श्रमजीवी र पेसाकर्मीहरूले लगनशील भई इमानदारीताका साथ काम गरे भने देशको मुहार फेर्न धेरै वर्ष कुर्नुपर्दैन।

# चार दिनपछि खुल्यो बीपी राजमार्ग

काभ्रेपलाञ्चोक, १३ असोज। अविरल वर्षाका कारण बाढीपहिरोले चार दिनदेखि अवरुद्ध बनेको बिपी राजमार्ग सञ्चालनमा ल्याइएको छ। बाढीले बगाएका स्थानमा अस्थायी ‘डाइभर्सन’ निर्माण तथा विभिन्न खण्डका पहिरो पन्छाएसँगै बिहानदेखि यातायात आवागमन गराइएको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ।

रोशी क्षेत्रको चौकीडाँडामा खोलाको बहाव उच्च रहेकाले किनारमा तत्काल ‘डाइभर्सन’ बनाउन नसकिएपछि खानेपानी पम्प हाउस भएको भित्री ‘ट्र्याक’ खोलेर सवारी आवागमन सुरु गरिएको डिभिजन प्रमुख सुमन योगेशले जानकारी दिनुभयो। उहाँका अनुसार खोलाको बहाव घटेपछि चौकीडाँडामा किनारबाटै पुन: डाइभर्सन निर्माण गरिनेछ।

रोशी खोलाको बाढीले चौकीडाँडा, कटुञ्जे, पिप्ले र माम्ती क्षेत्रमा अस्थायी डाइभर्सन बगाउनुका साथै दाउन्ने-कालोपुल र चारसयबेँसीमा पहिरो खसेर सडक अवरुद्ध भएको थियो। हाल जोखिमयुक्त स्थानमा एकतर्फी रूपमा सवारी सञ्चालन गरिएको छ भने ती स्थानमा छिट्टै दुईतर्फी नै खुलाउने गरी काम भइरहेको कार्यालयले जनाएको छ। सडक खुलाउने सोमबार बिहानदेखि अस्थायी ‘डाइभर्सन’ निर्माण तथा विभिन्न खण्डका पहिरो पन्छाउने काम थालिएको थियो। ***रासस***

# कृपा प्रजापतिलाई दोस्रो किस्ताको बीउ पुँजी हस्तान्तरण

भक्तपुर, १३ असोज। विश्वविद्यालय अनुदान आयोग (UGC) को उद्यमशीलता सहयोग कार्यक्रम (ESP) अन्तर्गत बीउ पुँजी प्राप्त गरेको Kytso Crafted Jewelry का स्टार्टअप सञ्चालक तथा वागीश्वरी कलेजमा एमए समाजशास्त्रमा अध्ययनरत विद्यार्थी कृपा प्रजापतिलाई दोस्रो किस्ताको बीउ पुँजी हस्तान्तरण गरिएको छ।

प्रमुख अतिथि तथा कलेजका संयोजक ज्ञानसागर प्रजापतिले ज्ञानसँगै सीप र सीपसँगै पुँजीको पनि आवश्यकता पर्ने बताउँदै वागीश्वरी कलेजले विद्यार्थीलाई उद्यम सुरु गर्न आवश्यक पुँजीसमेत उपलब्ध गराउँदै आएको बताउनुभयो। स्टार्टअप कृपा प्रजापतिलाई ७ लाख २३ हजार रूपैयाँको चेक हस्तान्तरण गर्दै थप प्रगतिको कामनाका साथ बधाई दिनुभयो।

कार्यक्रमका सभापति वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठले




वागीश्वरी कलेजमा उद्यमशीलता प्रवर्द्धनका थप कार्यक्रमहरू सञ्चालन हुनेबारे चर्चा गर्नुभयो।

कार्यक्रममा वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छा, वागीश्वरी कलेजका मानविकी सङ्कायका विभागीय प्रमुख राजन फेलु, शिक्षिका अबिना श्रेष्ठ, बीउ पुँजी विजेताद्वय Handmade Wonders की संस्थापक निष्ठा कायस्थ र Kytso Crafted Jewelry का स्टार्टअप सञ्चालक कृपा प्रजापतिले पनि बोल्नुभएको थियो।

यूजीसीको उक्त कार्यक्रमअन्तर्गत व्यावसायिक आइडियाको पिचिङ र त्यसपछि वित्तीय वार्ता (Financial Negotiation) को चरण पार गरेर दुई आइडिया छनोट भएका थिए। लामो प्रक्रियापछि दुवै आइडियाले यूजीसीबाट बीउ पुँजी प्राप्त गर्न सफल भएका हुन्। जसअनुसार कृपा प्रजापतिले कुल २४ लाख १० हजार रूपैयाँ बीउ पुँजी प्राप्त गरेकी छिन् भने निष्ठा कायष्ठले रु. ३१ लाख ५० हजार रूपैयाँ बराबरको ESP सिड फन्ड (Seed Fund) समेत प्राप्त गरेकी छिन्।

**संयुक्त...**

संयुक्त राष्ट्रसङ्घले कुनै देशसामु नझुकिकन आफूसँग भएको अधिकार इमानदारीपूर्वक प्रयोग गरेमा एउटा देशले अर्को देशलाई आक्रमण गर्नेछैन; जबरजस्ती आक्रमण नै गरे पनि रोक्न सकिन्छ। संयुक्त राष्ट्र सङ्घ कुनै पनि देशको दबाबमा झुक्नु हुँदैन; कुनै देशको उठबसमा चल्नु हुँदैन। अहिले संयुक्त राष्ट्र सङ्घ अमेरिकाकै इसारामा रहेको छ। अमेरिका आफ्नो कुरा नमान्ने देशलाई ध्वस्त पार्ने चेतावनी दिन्छ। अरु देशमा रहेको तेल खानी आफ्नो हातमा लिन दबाब दिन्छ। तेल आफ्नो कब्जामा लिन आक्रमण गर्छ। यो अमेरिकी प्रशासनको कुनियत हो; शक्तिको अभिमानी हो। शक्तिको अहङ्कार देखाएर अरु देशमा आक्रमण गर्ने काममा अमेरिका अग्रस्थानमा छ। अत: अन्तर्राष्ट्रिय शान्ति सुरक्षा कायम गर्ने, गराउने विविध क्षेत्रमा सहयोग गर्ने तथा मानव अधिकार र मौलिक स्वतन्त्रता दिलाउने उद्देश्यले स्थापित संयुक्त राष्ट्र सङ्घ अमेरिकाको कठपुतली बनेको कारण विश्वका मुलुकहरू अमेरिकाको विरोधमा गएका छन्।

इजरायल-प्यालिस्टिन, युक्रेन र रुस तथा इजरायल र इरान युद्ध अमेरिकाकै कारण भएकोमा शङ्का छैन। संसारमा अमेरिकाकै साथ र सहयोगमा धेरै देशमा आक्रमण भयो; कति राष्ट्र प्रमुखहरूको हत्या भयो। तर, विश्वमा शान्ति ल्याउन स्थापित संयुक्त राष्ट्र सङ्घ हेर्‍या हेरै भयो। अमेरिकी हस्तक्षेप, आक्रमण र दमनको स्थिति हेर्दा संयुक्त राष्ट्र सङ्घ र संसारका देश मिलेर अमेरिकालाई आर्थिक नाकाबन्दी गर्नुपर्ने हो; घेराबन्दी गर्नुपर्ने हो। अब बस्ने सुरक्षा परिषद् महासभाको बैठकमा यस्ता स्वतन्त्रता, सम्प्रभुताको विषयमा गहन छलफल गर्नुपर्छ। सुरक्षा परिषद्मा शक्तिशाली राष्ट्र अमेरिकाको दबाबमा संसार चल्नु हुँदैन; चलाउनु हुँदैन।

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८३/०६/१३ गते**

भक्तपुर नगरपालिकाबाट सञ्चालित अफसेट प्रेसको लागि आवश्यक कागजहरू खरिद गर्न र नपामा रहेका सवारी साधनहरूको लागि आवश्यक टायर/ट्युबहरू खरिदसम्बन्धी क्रमश: मिति २०८३/०६/०१ मा बोलपत्र आह्वानसम्बन्धी प्रकाशित सूचनाअनुसार म्यादभित्र दर्ता भएका बोलपत्रहरू सम्बन्धमा मिति २०८३/०६/०८ बोलपत्र मूल्याङ्कन समितिबाट सार्वजनिक खरिद ऐन २०६३, दफा २५ (५क) बमोजिम मूल्याङ्कित औसत अङ्क सारभूत रूपमा प्रभावग्राही देहायका बोलपत्रदाता छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ठेक्का नं. | कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | न्यूनतम कबोल अङ्क (भ्याटबाहेक रू.) |
|---|---|---|---|
| Bktmun/GOODS/NCB01/083/84 | सवारी साधनहरूको टायर/ट्युबहरू खरिदसम्बन्धी | चन्द्र सूर्यविनायक कोल्ड रिस्ट्रेड, सूर्यविनायक, भक्तपुर | १७,२०,७१०।०६ |
| Bktmun/GOODS/NCB02/083/84 | अफसेट प्रेसको लागि कागजहरू खरिदसम्बन्धी | ख्वप ट्रेड लिंक, भक्तपुर | ३५,७०,६६०।०० |

**नोट** : मिति २०८३/०६/१३ गते प्रकाशित बोलपत्र स्वीकृत गर्ने आशयका सूचनामा ख्वप ट्रेड लिंक, भक्तपुर हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।

कृत्रिम बुद्धिमत्ता (AI) को उचित प्रयोग गरौं

- कृत्रिम बुद्धिमत्ताको प्रयोग मानव हित, नैतिकता र कानुनी व्यवस्था अनुसार गरौं,
- कृत्रिम बुद्धिमत्ताबाट प्राप्त जानकारीको सत्यता र विश्वसनीयता पुष्टि गरेर मात्र प्रयोग गरौं,
- व्यक्तिगत गोपनीयता र संवेदनशील जानकारीको सुरक्षा सुनिश्चित गरौं,
- कृत्रिम बुद्धिमत्ताको प्रयोगबाट गलत सूचना तथा भ्रमपूर्ण सामग्रीको प्रचारप्रसार नगरौं,
- शिक्षा, स्वास्थ्य, कृषि, उद्योग र सार्वजनिक सेवामा कृत्रिम बुद्धिमत्ताको उचित प्रयोगलाई प्रोत्साहन गरौं,
- डिजिटल सीप र कृत्रिम बुद्धिमत्तासम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मानव निर्णय, उत्तरदायित्व र पारदर्शितालाई प्राथमिकता दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा